# प्रादेशिक आर्थिक गतिविधि अध्ययन
# (सुदूरपश्चिम प्रदेश)

## वार्षिक प्रतिवेदन

## (आर्थिक वर्ष २०७८/७९)




## नेपाल राष्ट्र बैंक

## धनगढी कार्यालय

## (२०७९ मंसिर)

# भूमिका

नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा १२ अनुसार बैङ्कले मूल्य स्थिरता, शोधनान्तर स्थिति, समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको अवस्था, मुद्राप्रदाय तथा विदेशी विनिमयजस्ता विषयमा अध्ययन गर्ने, तथ्याङ्क संकलन /प्रशोधन/विश्लेषण गर्ने र नीति निर्माण गर्ने कार्य गर्दै आएको छ । त्यसैगरी, ऐनको दफा १० को उपदफा ३ अनुसार नेपाल सरकार, सार्वजनिक निकाय तथा निजी क्षेत्रले यस बैंङ्कलाई आर्थिक तथा वित्तीय विषयमा आवश्यक तथ्याङ्क उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । साथै, नेपाल राष्ट्र बैङ्कले मौद्रिक नीति तर्जुमा तथा कार्यान्वयन गर्न वास्तविक क्षेत्रसँग सम्वन्धित तथ्याङ्कको नियमित संकलन तथा विश्लेषण गर्दछ ।

यस बैंकको "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित)" को आधारमा यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत सुदूरपश्चिम प्रदेशका ९ जिल्लाहरुमध्ये तराई क्षेत्रमा पर्ने कैलाली र कञ्चनपुर, पहाडी क्षेत्रमा पर्ने डोटी, डडेलधुरा, अछाम र बैतडी तथा हिमाली क्षेत्रमा पर्ने दार्चुला, बझाङ र बाजुरा जिल्लामा स्थलगत तथा गैह्रस्थलगत सर्वेक्षण गरिएको छ । सो सर्वेक्षण तथा अन्तरक्रिया एवम् प्राप्त जानकारीको आधारमा कृषि, उद्योग, सेवा, पूर्वाधार विकास लगायतका अर्थतन्त्रका प्रमुख क्षेत्रहरुको जिल्लास्थित विभिन्न सरकारी कार्यालय, क्षेत्रीय निर्देशनालय, मन्त्रालयहरु एवम् सम्बन्धित परियोजना/उद्योग/प्रतिष्ठानबाट प्राप्त तथ्याङ्कका आधारमा संकलन गरिएको तथ्याङ्कको प्रशोधन र विश्लेषण गरी विगत वर्षहरुमा जस्तै आर्थिक वर्ष २०७८/७९ को सुदूरपश्चिम प्रदेशको वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ । प्रतिवेदनमा सरोकारवाला निकाय/व्यक्ति तथा विषय विज्ञसँगको अन्तरक्रिया एवम् सर्वेक्षणकर्ताको विश्लेषण समेतका आधारमा पहिचान भएका क्षेत्रगत समस्या/चुनौती तथा आगामी अवधिको क्षेत्रगत परिदृश्य समेत चित्रण गरिएको छ ।

प्रतिवेदन तयारीका क्रममा आवश्यक तथ्याङ्क तथा सूचनाहरु समयमै उपलब्ध गराई सहयोग पुऱ्याउनुहुने जिल्लास्थित विभिन्न सरकारी कार्यालयहरु, क्षेत्रीय निर्देशनालयहरु, मन्त्रालयहरु एवम् विभिन्न परियोजना/उद्योग/प्रतिष्ठान, सरोकारवाला निकाय तथा निजी क्षेत्रका कार्यालय एवम् संस्थाहरुप्रति हार्दिक आभार प्रकट गर्दछु । यसैगरी, यो प्रतिवेदन तर्जुमा गर्ने कार्यमा महत्वपूर्ण योगदान दिनुहुने नेपाल राष्ट्र बैंक, धनगढी कार्यालयका उपनिर्देशक श्री अवन्तिका रिमाल र तथ्याङ्क संकलन तथा प्रतिवेदन लेखन कार्यमा अहोरात्र खटिने सहायक निर्देशकद्वय श्री प्रेम चन्द ठकुरी र श्री तुलसा ओझा, प्रधान सहायक श्री राम कुमार चौधरी तथा सहायक श्री महेश प्रसाद भट्टलाई धन्यवाद दिन चाहन्छु ।

बिनोद राज लेखक
निर्देशक
नेपाल राष्ट्र बैंक,
धनगढी कार्यालय

# विषयसूची

**परिच्छेद १** १

**परिचय** १

१.१ पृष्ठभूमि १

१.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन १

१.३ अध्ययन प्रतिवेदनको सीमा २

१.४ अध्ययन प्रतिवेदनको ढाँचा २

**परिच्छेद २** ३

**कृषि उद्योग र सेवा क्षेत्रको तुलनात्मक स्थिति** ३

२.१ राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा ३

२.२ अन्तर प्रदेश तुलना ३

२.३ सुदूरपश्चिम प्रदेशको भूभाग र जनसंख्या ४

२.४ प्रादेशिक सम्भावना तथा चुनौती ५

२.४.१ प्रादेशिक क्षमता तथा सम्भावना ५

२.४.२ सुदूरपश्चिम प्रदेशका चुनौतीहरु ६

**परिच्छेद ३** ८

**कृषि क्षेत्र** ८

३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र ८

३.१.१ खाद्य तथा अन्य बाली : ८

३.१.२ तरकारी : ८

३.१.३ फलफूल तथा मसला : ८

३.२ कृषि उत्पादन ९

३.२.१ खाद्य तथा अन्य बाली ९

३.२.२. तरकारी ९

३.२.३. फलफूल तथा मसला : ९

३.३. पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन १०

३.३.१ पशुपन्छी १०

३.४ सिँचाइ ११

३.५ क्षेत्रगत कृषि कर्जा १२

३.६ सहुलियतपूर्ण कर्जा र पुनरकर्जा १२

३.७ कृषि क्षेत्रका सम्भावना र चुनौतीहरु १३

**परिच्छेद ४** १८

**उद्योग क्षेत्र** १८

४.१ उद्योगको क्षमता उपयोग, उत्पादन तथा प्रत्यक्ष रोजगारी १८

४.२ क्षेत्रगत औद्योगिक कर्जा १८

४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना १९

**परिच्छेद ५** २१

**सेवा क्षेत्र** २१

५.१ पर्यटन २१

५.२ सार्वजनिक निर्माण तथा रियल स्टेट २२

५.३ वित्तीय सेवा २३
५.४ निक्षेप तथा कर्जा २३
५.५ फण्ड ट्रान्सफर २४
५.६ यातायात तथा सञ्चार २५
५.७ शिक्षा तथा स्वास्थ्य २५
५.८ सेवा क्षेत्र कर्जा २६
५.९ सुदूरपश्चिम प्रदेशको सरकारी वित्त स्थिति २७
५.१० स्थानिय तहहरुको बजेट कार्यान्वयनको स्थिति २८
५.११ सेवा क्षेत्रको चुनौती र सम्भावना २९
**परिच्छेद ६** ३२
**पूर्वाधार र रोजगारी** ३२
६.१ पूर्वाधार क्षेत्र ३२
६.२ वैदेशिक रोजगारी ३३
६.३ प्रत्यक्ष वैदेशिक लगानी ३३
६.४ पूर्वाधार तथा रोजगारी क्षेत्रका चुनौती र सम्भावना ३४
**परिच्छेद ७** ३८
**आर्थिक परिदृष्य** ३८
७.१ कृषि उत्पादन ३८
७.२ औद्योगिक उत्पादन ३९
७.३ सेवा क्षेत्र ३९
७.४ पूर्वाधार क्षेत्र ३९
**अनुसूचीहरु** ४१
अनुसूची १. बाख्रा आनुवंशिक फार्म, बुढीतोला कैलाली । ४१
अनुसूची २. अध्ययन क्षेत्रमा नमूनाको रुपमा छनौट गरिएका १० वटा नर्सरीहरुको विवरण ४१
अनुसूची ३. अपि नाम्पा संरक्षण क्षेत्र ४२

## तालिका सूची

तालिका १ : प्रादेशिक आर्थिक परिसूचकहरु ........ ४
तालिका २ : सुदूरपश्चिम प्रदेशको जिल्लागत जनसंख्याको विवरण ........ ४
तालिका ३ : कृषि उपजले ढाकेको भू-क्षेत्र (हेक्टरमा) ........ ८
तालिका ४ : कृषि बालीको जिल्लागत उत्पादन (मेट्रिक टनमा) ........ १०
तालिका ५ : प्रमुख पशुपंक्षीजन्य उत्पादन ........ ११
तालिका ६ : जिल्लागत रुपमा कर्जाको प्रवाहको अवस्था ........ १३
तालिका ७ : जिल्लागत रुपमा औद्योगिक कर्जा प्रवाहको अवस्था ........ १९
तालिका ८ : बैंक तथा वित्तीय संस्थाका शाखा (२०७९ असार मसान्त) ........ २३
तालिका ९ : यातायात साधनको संख्या ........ २५
तालिका १० : सञ्चार सुविधा ........ २५
तालिका ११ : शैक्षिक तथ्याङ्क ........ २६
तालिका १२ : स्वास्थ्य तथ्याङ्क ........ २६
तालिका १३ : सेवाक्षेत्र कर्जा प्रवाहको अवस्था ........ २७
तालिका १४ : सुदूरपश्चिम सरकारको प्रगति विवरण ........ २७
तालिका १५ : स्थानिय तहहरुमा भएको बजेट विनियोजन तथा कार्यान्वयनको अवस्था (रु. अर्बमा) ........ २८
तालिका १६ : आ.व. २०७८/७९ मा बजेट विनियोजनको प्राथमिकता (रु. करोडमा) ........ २८
तालिका १७ : प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सृजित रोजगारीको अवस्था ........ ३३

## चित्र सूची

चित्र १ : आर्थिक वर्ष २०७८/७९ मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशको हिस्सा (प्रतिशतमा) ........ ३
चित्र २ : प्रमुख खाद्यान्न बालीले ढाकेको क्षेत्रफल (हजार हेक्टरमा) ........ ८
चित्र ३ : प्रमुख खाद्यान्न बालीको उत्पादन स्थिति (हजार मेट्रिक टनमा) ........ ९
चित्र ४ : प्रमुख खाद्य तथा अन्य बालीको जिल्लागत उत्पादन स्थिति (हजार मेट्रिक टनमा) ........ १०
चित्र ५ : सिंचाई सुविधा (हजार हेक्टरमा) ........ १२
चित्र ६ : क्षेत्रगत कृषि कर्जा प्रवाहको अवस्था (रु. दश लाखमा) ........ १२
चित्र ७ : सहुलियतपूर्ण कर्जा तथा पुनरकर्जा प्रवाहको अवस्था (रु. दश लाखमा) ........ १३
चित्र ८ : उद्योगको क्षमता उपयोग (प्रतिशतमा) ........ १८
चित्र ९ : औद्योगिक कर्जा प्रवाह (रु. करोडमा) ........ १९
चित्र १० : घरजग्गा कारोवारको अवस्था ........ २२
चित्र ११ : बैंक तथा वित्तीय संस्थाका शाखा (संख्यामा) ........ २३
चित्र १२ : निक्षेप तथा कर्जा (रु. अर्बमा) ........ २४
चित्र १३ : जिल्लागत कर्जा तथा कर्जाको अवस्था (रु. दश लाखमा) ........ २४
चित्र १४ : जिल्लागत फण्ड ट्रान्सफरको अवस्था (रु. करोडमा) ........ २४
चित्र १५ : सेवा क्षेत्र कर्जा प्रवाह (रु. करोडमा) ........ २६
चित्र १६ : आर्थिक वर्ष २०७८/७९ मा बजेट विनियोजन र कार्यान्वयनको अवस्था (रु. अर्बमा) ........ २८
चित्र १७ : बजेट विनियोजनको प्राथमिकता (रु. हजारमा) ........ २९
चित्र १८ : आर्थिक बर्ष २०७७/७८ सम्म जिल्लागत रुपमा वैदेशिक लगानी रहेका परियोजनाको संख्या ........ ३३

# बक्स सूची

बक्स १ : बाख्रा आनुवंशिक फर्म, बुढीतोला, कैलाली संक्षिप्त परिचय ....................१६
बक्स २ : सुदूरपश्चिम प्रदेशमा नर्सरी व्यवसायहरुको अवस्था ....................१६
बक्स ३ : प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना....................१७
बक्स ४ : पर्यटन क्षेत्रको वस्तु स्थिति.................... २१
बक्स ५ : भादागाउँ थारु होमस्टेः एक अध्ययन .................... २२
बक्स ६ : नमूनाको रुपमा छनौट गरिएका सहकारीहरुको अध्ययन ....................३१
बक्स ७ : कालंगा जलविद्युत आयोजना....................३६
बक्स ८ : अपि नाम्पा संरक्षण क्षेत्र.................... ३७

# सारांश

सुदूरपश्चिम प्रदेश अन्तर्गतका ९ वटै जिल्लाहरुको स्थलगत तथा गैरस्थलगतरुपमा अध्ययन गरी यस कार्यालयले तयार गरेको आर्थिक वर्ष २०७८/७९ को वार्षिक आर्थिक गतिविधि अध्ययन सम्बन्धी प्रतिवेदनको कार्यकारी सारांश निम्नानुसार प्रस्तुत गरिएको छ ।

## कृषि

१. समीक्षा अवधिमा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवम् फलफूल तथा मसला) ले ढाकेको भू-क्षेत्र २.९० प्रतिशतले घटेको छ भने यस्ता बालीको उत्पादन ८.१६ प्रतिशतले घटेको छ ।

२. समीक्षा अवधिमा प्रमुख खाद्य तथा अन्य बालीमध्ये सबैभन्दा बढी कोदोको उत्पादन ४०.४९ प्रतिशतले वृद्धि भएको छ भने धान उत्पादनमा ३१.४९ प्रतिशतले ह्रास आएको छ । त्यसैगरी, तरकारी उत्पादनमा २.०५ प्रतिशतले वृद्धि भएको छ भने फलफूल तथा मसला ३.०४ प्रतिशतले बढेको छ ।

३. पशुजन्य उत्पादन अन्तर्गत दूध ३.०९ प्रतिशत, मासु २.३७ प्रतिशत, अण्डा ३.१९ प्रतिशतले बढेको छ ।

४. समीक्षा अवधिमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कुल कर्जाको १०.१९ प्रतिशत हिस्सा कृषि क्षेत्रमा प्रवाहित भएको छ ।

## उद्योग

५. समीक्षा अवधिमा यस प्रदेशका अध्ययन नमूनामा समेटिएका उद्योगको औसत क्षमता उपयोग ४२.९३ प्रतिशत रहेको छ ।

६. औद्योगिक उत्पादनमध्ये समीक्षा अवधिमा तोरीको तेलको उत्पादनमा ह्रास आएको छ भने अन्य वस्तुहरुको उत्पादनमा वृद्धि भएको छ ।

७. समीक्षा अवधिमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कुल कर्जाको १७.१८ प्रतिशत हिस्सा उद्योग क्षेत्रमा प्रवाहित भएको छ ।

## सेवा

८. समीक्षा अवधिमा यस प्रदेशमा पर्यटकस्तरीय होटल तथा लज संख्यामा ११.६३ प्रतिशतले वृद्धि भएको छ । त्यस्तै शैया संख्या १६.२२ प्रतिशतले बढेको छ ।

९. घरजग्गा रजिष्ट्रेशन संख्या २७.२८ प्रतिशतले घटेको छ भने रजिष्ट्रेशन राजस्व ७.१२ प्रतिशतले घटेको छ ।

१०. यस प्रदेशका बैंक तथा वित्तीय संस्थाको आर्थिक वर्ष २०७८/७९ को पुस मसान्तसम्मको निक्षेप २०७८ असार मसान्तको तुलनामा ३.०२ प्रतिशतले घटेको छ भने कर्जा प्रवाह १५.८१ प्रतिशतले वृद्धि भएको छ ।

११. समीक्षा अवधिमा यातायात साधन संख्या १२.९२ प्रतिशतले वृद्धि भएको छ ।

१२. समीक्षा अवधिमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कुल कर्जाको ७२.६३ हिस्सा सेवा क्षेत्रमा प्रवाहित भएको छ ।

## पूर्वाधार

१३. समीक्षा अवधिमा यस प्रदेशका विभिन्न जलविद्युत आयोजनाहरुबाट ५२ मे.वा. विद्युत उत्पादन भई राष्ट्रिय प्रशारण लाईनमा जोडिएको छ ।

१४. समीक्षा अवधिसम्ममा यस प्रदेशका पहाडी जिल्लाहरु बैतडी, बझाङ, डोटी र अछाम जिल्लामा हवाई सेवा सुरु भएतापनि पछिल्लो ६ महिनादेखि बन्द रहेका छन् भने दार्चुलाको गोकुलेश्वर विमानस्थल र कञ्चनपुरको मझगाँउ विमानस्थलको स्तरोन्नति गर्ने कार्य भैरहेको छ ।

# परिच्छेद १

# परिचय

## १.१ पृष्ठभूमि

नेपाल राष्ट्र बैंकले मौद्रिक नीति तर्जुमा तथा कार्यान्वयन गर्न वास्तविक क्षेत्रसँग सम्बन्धित तथ्याङ्कको नियमित संकलन तथा विश्लेषण गर्दछ । आर्थिक तथा वित्तीय क्षेत्रसँग सम्बन्धित तथ्याङ्क तथा सूचनाको विश्लेषणबाट मुलुकको आर्थिक विकासको अवस्था, आधार एवम् गुणस्तरको जानकारी प्राप्त भई आर्थिक विकास तथा स्थायित्व प्राप्त गर्न र आवश्यक नीति तथा कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्न सहयोग पुग्दछ । नेपाल राष्ट्र बैंकले मुलुकको समष्टिगत अर्थतन्त्र, आर्थिक, वित्तीय र बाह्य क्षेत्रसँग सम्बन्धित तथ्याङ्क तथा विवरण समावेश गरी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन प्रकाशन गर्दै आएको छ । यस्तो प्रतिवेदन अर्धवार्षिक र वार्षिक गरी वर्षको दुई पटक प्रकाशन हुने गरेको छ । प्रस्तुत प्रतिवेदन आर्थिक वर्ष २०७८/७९ को वार्षिक तथ्याङ्कमा (२०७८ साउनदेखि २०७९ असार मसान्तसम्मको तथ्याङ्कमा) आधारित रहेको छ ।

विगतमा देशका ५७ जिल्लाहरुबाट तथ्याङ्क संकलन गरी आर्थिक अध्ययन प्रतिवेदन तयार पार्ने गरिएकोमा "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६" जारी भएपश्चात् प्रादेशिक ढाँचामा ७ वटै प्रदेशका सबै ७७ जिल्लाको आर्थिक गतिविधिको अध्ययन गरी प्राप्त तथ्याङ्कको विश्लेषणका आधारमा आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार पार्ने गरिएको छ । गत वर्षदेखि यस्तो प्रतिवेदन प्रदेशगत रुपमा तयार गर्ने गरिएको छ । सुदूरपश्चिम प्रदेशको आर्थिक गतिविधि अध्ययन प्रतिवेदनमा यस प्रदेशका दार्चुला, बैतडी, डडेलधुरा, कञ्चनपुर, बझाङ, बाजुरा, डोटी, अछाम र कैलाली गरी ९ जिल्लाहरु समेटि प्रतिवेदन तयार गर्ने गरिएको छ ।

## १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन

सुदूरपश्चिम प्रदेशका ९ वटै जिल्लाहरु समावेश गरी कृषि, उद्योग, सेवा र पूर्वाधार सम्बन्धी प्रगति विवरण, सम्भावना, चुनौती एवम् आगामी परिदृश्य प्रतिवेदनमा समावेश गरिएको छ । त्यस्तै, राष्ट्रिय अर्थतन्त्रमा यस प्रदेशको क्षेत्रगत हिस्सा, अन्य प्रदेशसँगको तुलनात्मक स्थिति, प्रदेशका महत्वपूर्ण आर्थिक परिसूचकहरु समेत यस प्रतिवेदनमा समावेश गरिएको छ । साथै, अध्ययन प्रतिवेदनमा अपि नाम्पा संरक्षण क्षेत्र, कालंगा जलविद्युत आयोजना, भादागाँउ होमस्टे, नर्सरी व्यवसाय, प्रधानमन्त्री कृषि आधुनिकिकरण आयोजना र बाखा आनुवंशिक फर्म, बुढीतोलाको अध्ययन गरी यस पटकको प्रतिवेदनमा संलग्न गरिएको छ ।

नेपाल राष्ट्र बैंकको "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित)" को आधारमा यस कार्यालयको कार्य क्षेत्र अन्तर्गत सुदूरपश्चिम प्रदेशका ९ वटै जिल्लाका सम्बन्धित निकायहरुबाट स्थलगत र गैरस्थलगत माध्यमबाट प्राप्त तथ्याङ्कको प्रशोधन र विश्लेषण, सरोकारवाला निकाय तथा विषय विज्ञसँगको अन्तरक्रियाबाट प्राप्त जानकारी तथा सुझावका आधारमा यो अध्ययन प्रतिवेदन तयार पारिएको छ ।

प्रतिवेदनमा राष्ट्रिय अर्थतन्त्रमा प्रदेशगत हिस्सा, अन्य प्रदेशसँगको तुलनात्मक स्थिति सम्बन्धी तथ्याङ्क केन्द्रीय तथ्याङ्क विभागबाट, कृषि सम्बन्धी तथ्याङ्क सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालयबाट तथा कृषि विकास निर्देशनालय तथा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयबाट संकलन गरिएको छ । यसैगरि शिक्षा क्षेत्रको तथ्याङ्क शिक्षा विकास तथा समन्वय इकाई, विश्वविद्यालय तथा प्राविधिक शिक्षालयबाट लिईएको छ भने स्वास्थ्य क्षेत्रको तथ्याङ्क जिल्ला स्वास्थ्य कार्यालयबाट लिईएको छ । यसैगरी, विद्युत पहुँचको तथ्याङ्क जिल्लास्थित विद्युत प्राधिकरणबाट लिईएको छ । यी निकायहरुबाट प्रदेशमा कृषि उपजले ढाकेको भू-क्षेत्र, कृषि उत्पादन, सिँचाई, पशुपन्छी माछा तथा वनजन्य उत्पादन, शिक्षा, स्वास्थ्य, विद्युत लगायतका तथ्याङ्कहरु संकलन गरिएको छ ।

औद्योगिक क्षेत्रतर्फ, उद्योगहरुको उत्पादन, क्षमता उपयोग, रोजगारी लगायतका विवरण नमूना छनौटमा परेका १३ वटा उद्योगहरुको स्थलगत सर्वेक्षणबाट संकलन गरिएको छ । बैंकिङ्ग क्षेत्र अन्तर्गत कृषि, उद्योग र सेवा क्षेत्रको जिल्लागत

कर्जा, निक्षेप, शाखा संख्या, पुनरकर्जा, सहुलियतपूर्ण कर्जा आदि तथ्याङ्क Supervisory Information System (SIS) नेपाल राष्ट्र बैंक मार्फत लिइएको छ। साथै, मालपोत कार्यालयको घरजग्गा रजिष्ट्रेशन संख्या र सो वापतको राजश्वको रकम भूमि व्यवस्थापन तथा अभिलेख विभाग, बबरमहल, काठमाडौंमार्फत लिइएको छ।

सेवा क्षेत्र अन्तर्गत पर्यटन गतिविधि सम्बन्धी विवरण नमूना छनौटमा परेका १० वटा होटलहरुबाट स्थलगत तथा गैरस्थलगत सर्वेक्षणबाट प्राप्त गरिएको छ। घर/भवन स्थायी नक्शापास तथ्याङ्क सम्बन्धित जिल्लाका नगरपालिकाहरुबाट, पूर्वाधार सम्बन्धी तथ्याङ्क पूर्वाधार कार्यालय, सडक डिभिजन कार्यालय र नगरपालिकाहरुबाट समेत लिइएको छ। यातायाततर्फ, सवारीसाधन संख्या सम्बन्धी विवरण यातायात व्यवस्था कार्यालयबाट लिइएको छ। सहकारी क्षेत्रको स्थिति विश्लेषण गर्न यस प्रदेशका ९ वटा जिल्लाहरुबाट १० बचत तथा ऋण सहकारी संस्थाहरुको नमूना छनौट गरी विवरण संकलन गरिएको छ। यसैगरि अध्ययन क्षेत्रबाट १० वटा नर्सरीहरु नमूनाको रुपमा छनौट गरी तथ्याङ्क संकलन गरिएको छ। यसका साथै यस प्रदेशमा रहेका ५ वटा ठुला नगरपालिकाहरुको वार्षिक आय/व्यय (बजेट) को कार्यान्वयनको स्थिति समेत प्रस्तुत गरिएको छ।

पूर्वाधार क्षेत्र अन्तर्गत यस प्रदेशमा रहेका राष्ट्रिय गौरव तथा प्रदेश गौरवका आयोजना सम्बन्धी विवरण जिल्लास्थित पूर्वाधार कार्यालयबाट लिइएको छ।

## १.३ अध्ययन प्रतिवेदनको सीमा

देशमा संघीयता कार्यान्वयनमा आइसकेपश्चात तथ्याङ्क उपलब्ध गराउने कार्यालयहरुको पुर्नसंरचना भएकोले हालसम्म समेत तथ्याङ्क संगठित तथा व्यवस्थित गर्ने कार्यमा पूर्णता आइनसकेकाले कृषि उत्पादन, शिक्षा, स्वास्थ्य र पूर्वाधार लगायतका कतिपय विवरणहरु समयगत र निकायगत एकरुपता कायम हुन सकेको छैन।

सेवा क्षेत्र अन्तर्गत पर्यटन सम्बन्धी तथ्याङ्कको हकमा यस क्षेत्रमा रहेका होटल तथा लजहरुले पर्यटक सम्बन्धी उपलब्ध सीमित तथ्याङ्क (पर्यटक आगमन संख्या तथा औषत बसाई) विवरणलाई नै आधिकारिकता मानी विश्लेषण गर्ने गरिएको छ।

## १.४ अध्ययन प्रतिवेदनको ढाँचा

यस प्रतिवेदनमा ७ वटा परिच्छेद रहेका छन्। परिच्छेद १ मा अध्ययन प्रतिवेदनको पृष्ठभूमि, तर्जुमा विधि र सीमा सहितको परिचय प्रस्तुत गरिएको छ। परिच्छेद २ मा कृषि, उद्योग र सेवा क्षेत्रको तुलनात्मक स्थिति प्रस्तुत गरिएको छ। त्यसैगरी, परिच्छेद ३ मा कृषि क्षेत्र, परिच्छेद ४ मा उद्योग क्षेत्र, परिच्छेद ५ मा सेवा क्षेत्र र परिच्छेद ६ मा पूर्वाधार र रोजगारी क्षेत्रको विवरण समावेश गरिएको छ भने परिच्छेद ७ मा आर्थिक परिदृश्य प्रस्तुत गरिएको छ।


# परिच्छेद २

# कृषि उद्योग र सेवा क्षेत्रको तुलनात्मक स्थिति

## २.१ राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा

केन्द्रीय तथ्याङ्क विभागका अनुसार आर्थिक वर्ष २०७८/७९ मा सुदूरपश्चिम प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा रु. ३ खर्ब ३९ अर्ब हुने अनुमान गरिएको छ भने गत आर्थिक वर्षको संशोधित अनुमान रु. ३ खर्ब १ अर्ब रहेको छ । गत आर्थिक वर्षमा राष्ट्रिय गार्हस्थ्य उत्पादनमा यस प्रदेशले ७ प्रतिशत हिस्सा ओगटेको थियो भने आर्थिक वर्ष २०७८/७९ मा पनि यस प्रदेशको योगदान ७ प्रतिशत नै हुने अनुमान गरिएको छ। आर्थिक वर्ष २०७७/७८ मा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर ४.२ प्रतिशत थियो भने आर्थिक वर्ष २०७८/७९ मा ४.९ प्रतिशत हुने अनुमान गरिएको छ। सुदूरपश्चिम प्रदेशको प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढी योगदान ५१.८४ प्रतिशत सेवा क्षेत्रको रहेको छ भने सबैभन्दा कम योगदान १४.६१ प्रतिशत उद्योग क्षेत्रको रहेको छ ।

**चित्र १ : आर्थिक वर्ष २०७८/७९ मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशको हिस्सा (प्रतिशतमा)**




*स्रोत: केन्द्रीय तथ्याङ्क विभाग*

## २.२ अन्तर प्रदेश तुलना

केन्द्रीय तथ्याङ्क विभागद्वारा जारी आर्थिक वर्ष २०७८/७९ को प्रादेशिक कुल गार्हस्थ्य उत्पादनसम्बन्धी प्रतिवेदनका अनुसार चालु आर्थिक वर्षमा सबै प्रदेशको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर गत आर्थिक वर्षको आर्थिक वृद्धिदरभन्दा बढ्ने अनुमान गरिएको छ ।

### (क) कुल गार्हस्थ्य उत्पादन:

आर्थिक वर्ष २०७८/७९ मा राष्ट्रिय वार्षिक कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा रु.४८ खर्ब ५२ अर्ब हुने अनुमान गरिएकोमा ३६.९ प्रतिशत योगदान सहित सबैभन्दा बढी बागमती प्रदेशको कुल गार्हस्थ्य उत्पादन रु. १७ खर्ब ९१ अर्ब हुने अनुमान गरिएको छ भने सबैभन्दा कम हिस्सा ४.१ प्रतिशतको योगदान सहित कर्णाली प्रदेशको करिव रु. १ खर्ब ९८ अर्ब हुने अनुमान गरिएको छ। अघिल्लो आर्थिक वर्षजस्तै आर्थिक वर्ष २०७८/७९ मा पनि बागमती प्रदेश पछि कुल गार्हस्थ्य उत्पादनमा बढी योगदान पुऱ्याउने प्रदेशहरुमा क्रमश: प्रदेश १, लुम्बिनी प्रदेश, मधेश प्रदेश, गण्डकी प्रदेश, सुदूरपश्चिम र कर्णाली प्रदेश रहेका छन्। सुदूरपश्चिम प्रदेशको कुल गार्हस्थ उत्पादन उपभोक्ताको मूल्यमा करिब रु. ३ खर्ब ३९ अर्ब हुने अनुमान गरिएको छ ।

### (ख) आर्थिक वृद्धि:

आर्थिक वर्ष २०७८/७९ मा राष्ट्रिय तहमा कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर (उपभोक्ता मूल्यमा) ५.८ प्रतिशत अनुमान गरिएकोमा बागमती प्रदेशको आर्थिक वृद्धिदर सबैभन्दा बढी ६.७ प्रतिशत र मधेश प्रदेशको वृद्धिदर सबैभन्दा कम ४.८

प्रतिशत रहने अनुमान गरिएको छ भने सुदूरपश्चिम प्रदेशको वृद्धिदर ४.९ रहने अनुमान गरिएको छ। गत आर्थिक वर्षमा बागमती प्रदेशको वृद्धिदर सबै भन्दा बढी ४.६ प्रतिशत तथा गण्डकी प्रदेशमा सबैभन्दा कम वृद्धिदर ३.७ प्रतिशत रहेको थियो भने कर्णाली प्रदेशको वृद्धिदर ४.३ र सुदूरपश्चिम प्रदेशको वृद्धिदर ४.२ प्रतिशत रहेको थियो।

### (ग) क्षेत्रगत योगदानः

आर्थिक वर्ष २०७८/७९ मा प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान सबैभन्दा बढी मधेश प्रदेशको ३४.३ प्रतिशत, उद्योग क्षेत्रको योगदान सबैभन्दा बढी गण्डकी प्रदेशको १८.४ र सेवा क्षेत्रको योगदान सबैभन्दा बढी बागमती प्रदेशको ७६.७ प्रतिशत रहने अनुमान रहेको छ। प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा सुदूरपश्चिम प्रदेशको कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ३३.५ प्रतिशत, १४.६ प्रतिशत र ५१.८ प्रतिशत रहने अनुमान छ।

**तालिका १ : प्रादेशिक आर्थिक परिसूचकहरु**

**(आर्थिक वर्ष २०७८/७९)**

| आर्थिक परिसूचक | प्रदेश १ | मधेश प्रदेश | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश | नेपाल |
|---|---|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्य, रु.अर्बमा) | ७६३.२७ | ६४४.२८ | १,७९०.६८ | ४३१.८० | ६८४.८८ | १९७.९९ | ३३८.७२ | ४,८५१.६२ |
| राष्ट्रिय उत्पादनमा अंश (प्रतिशत) | १५.७ | १३.३ | ३६.९ | ८.९ | १४.१ | ४.१ | ७ | १०० |
| आर्थिक वृद्धिदर (प्रतिशत) | ५.४ | ४.८ | ६.७ | ६.२ | ५.४ | ५.५ | ४.९ | ५.८ |
| कृषि क्षेत्रमा प्रदेशको अंश ( प्रतिशत) | २१.८ | १९.० | १७.१ | ९.६ | १८.७ | ५.४ | ९.८ | १०० |
| उद्योग क्षेत्रमा प्रदेशको अंश ( प्रतिशत) | १९.५८ | ११.२५ | ३१.५७ | ११.४५ | १५.८५ | ३.१६ | ७.१४ | १०० |
| सेवा क्षेत्रमा प्रदेशको अंश ( प्रतिशत) | १२.५१ | ११.५१ | ४५.८६ | ८.०० | १२.४७ | ३.७९ | ५.८६ | १०० |
| कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशत) | | | | | | | | |
| कृषि क्षेत्र | ३३.१० | ३४.३० | ११.१० | २६.०० | २९.४२ | ३१.५० | ३३.५५ | २३.९० |
| उद्योग क्षेत्र | १७.८० | १२.१० | १२.२० | १८.४० | १६.०४ | ११.१० | १४.६१ | १४.३० |
| सेवा क्षेत्र | ४९.१० | ५३.६० | ७६.७० | ५५.६० | ५४.५४ | ५७.४० | ५१.८४ | ६१.८० |

*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग*

## २.३ सुदूरपश्चिम प्रदेशको भूभाग र जनसंख्या

सुदूरपश्चिम प्रदेशमा ९ जिल्ला रहेका छन। नेपालको सुदूरपश्चिममा अवस्थित हिमालदेखि तराईसम्म फैलिएको यस प्रदेशले नेपालको कुल भू-भागको १३.२३ प्रतिशत क्षेत्रफल (१९,५१६ वर्ग कि.मि.) ओगटेको छ। यस प्रदेशको पूर्वतर्फ कर्णाली र लुम्बीनी प्रदेश, पश्चिममा भारतको उत्तराखण्ड राज्य, उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत, दक्षिणमा भारतको उत्तर प्रदेश राज्य पर्दछन। प्रशासनिक हिसाबले यस प्रदेशलाई ९ जिल्ला, १ उपमहानगरपालिका, ३३ नगरपालिका र ५४ गाँउपालिका गरी ८८ स्थानीय तहमा विभाजन गरिएको छ। २०७८ सालको जनगणना अनुसार यस प्रदेशको कुल जनसंख्या २७,११,२७० जना रहेको छ। यसको विस्तृत विवरण देहायबमोजिम रहेको छ।

**तालिका २ : सुदूरपश्चिम प्रदेशको जिल्लागत जनसंख्याको विवरण**

| जिल्ला | जनसंख्या २०६८ | | | जनसंख्या २०७८ | | |
|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| दार्चुला | ६३,६०५ | ६९,६६९ | **१३३,२७४** | ६५,३४९ | ६९,७०७ | **१३५,०५६** |
| बैतडी | ११७,४०७ | १३३,४९१ | **२५०,८९८** | ११५,४२६ | १२८,९७४ | **२४४,४००** |
| डडेलधुरा | ६६,५५६ | ७५,५३८ | **१४२,०९४** | ६५,९३० | ७३,४९० | **१३९,४२०** |
| कञ्चनपुर | २१६,०४२ | २३५,२०६ | **४५१,२४८** | २४३,५९८ | २७४,०४७ | **५१७,६४५** |
| बझाङ | ९२,७९४ | १०२,३६५ | **१९५,१५९** | ८८,९८८ | १००,१०९ | **१८९,०९७** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| बाजुरा | ६५,८०६ | ६९,१०६ | **१३४,९१२** | ६७,६०८ | ७१,३९० | **१३८,९९८** |
| डोटी | ९७,२५२ | ११४,४९४ | **२११,७४६** | ९५,०६६ | ११०,६१७ | **२०५,६८३** |
| अछाम | १२०,००८ | १३७,४६९ | **२५७,४७७** | १०६,२४० | १२३,५७६ | **२२९,८१६** |
| कैलाली | ३७८,४१७ | ३९७,२९२ | **७७५,७०९** | ४३९,७९२ | ४७१,३६३ | **९११,१५५** |
| **जम्मा** | **१,२१७,८८७** | **१,३३४,६३०** | **२,५५२,५१७** | **१,२८७,९९७** | **१,४२३,२७३** | **२,७११,२७०** |

*स्रोत: केन्द्रीय तथ्याङ्क विभाग*

सुदूरपश्चिम प्रदेशका ९ जिल्लाहरुमध्ये कैलाली जिल्लाको जनसंख्या सबैभन्दा बढी ९,११,१५५ जना र दार्चुला जिल्लाको सबैभन्दा कम १,३५,०५६ जना रहेको छ । बैतडी, डडेलधुरा, बझाङ, डोटी र अछाम जिल्लामा २०६८ सालको जनसंख्याको तुलनामा जनसंख्या वृद्धिदर घटेको छ भने अन्य जिल्लाहरुमा बढेको छ। २०७८ सालको प्रारम्भिक जनगणना अनुसार कैलाली जिल्लाको जनसंख्या सबैभन्दा बढी १७.४६ प्रतिशतले बढेको छ भने अछाम जिल्लाको जनसंख्या १०.७४ प्रतिशतले घटेको छ ।

२०७८ सालको जनगणनाको प्रारम्भिक प्रतिवेदन अनुसार नेपालको कुल जनसंख्याको ९.२९ प्रतिशत हिस्सा रहेको यस प्रदेशको वार्षिक जनसंख्या वृद्धिदर ०.५८ प्रतिशत रहेको छ । यसैगरि जनघनत्व १३९ जना प्रति वर्ग कि.मी रहेको छ जुन राष्ट्रिय जनगणना २०६८ मा १३१ जना प्रति वर्ग कि.मी. रहेको थियो । सुदूरपश्चिम प्रदेशको जनसंख्यामा पुरुषको संख्या १२,८७,९९७ जना र महिलाको संख्या १४,२३,२७३ जना रहेको छ। लैंगिक अनुपात सबैभन्दा बढी मधेश प्रदेशमा १००.९९ प्रतिशत रहेको छ भने सुदूरपश्चिम प्रदेशमा सबैभन्दा कम ९०.४९ प्रतिशत रहेको छ ।

## २.४ प्रादेशिक सम्भावना तथा चुनौती

### २.४.१ प्रादेशिक क्षमता तथा सम्भावना

१. सुदूरपश्चिम प्रदेशको कैलाली र कञ्चनपुर जिल्ला खाद्य सुरक्षामा आत्मनिर्भर भएकाले उक्त जिल्लाहरुमा कृषिको व्यावसायिकरण, आधुनिकिकरण र यान्त्रिकीकरण गरी उत्पादकत्व वृद्धि गरी समग्र प्रदेशको खाद्य सुरक्षालाई वृद्धि गर्न सकिने। साथै, अन्य जिल्लाहरुमा खाद्य सुरक्षाका लागि कृषिको व्यावसायिकरण, आधुनिकिकरण र यान्त्रिकीकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्न सकिने ।

२. तराई, पहाडी तथा हिमाली क्षेत्रमा फलफूल (स्याउ, ओखर, ड्रागन फ्रुट, किवी, एभोकाडो आदि), पहाडी तथा हिमाली क्षेत्रमा उच्च मूल्य भएका जडिबुटी खेतीको विस्तार, उत्पादन वृद्धि र प्रशोधन उद्योगहरु स्थापना गरी स्थानीय अर्थतन्त्रलाई चलायमान बनाई रोजगारी सिर्जना गर्न सकिने ।

३. कर्णाली, महाकाली, सेती, चमेलिया, बुढीगंगा लगायतका नदीहरुबाट उचित प्रविधिको प्रयोग मार्फत सिंचाईको क्षेत्रलाई विस्तार गर्न सकिनुका साथै जलविद्युत उत्पादन मार्फत् विद्युत निर्यात गर्न सकिने ।

४. प्रदेशका प्रमुख पर्यटकीय क्षेत्रहरु खप्तड राष्ट्रिय निकुञ्ज, शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज, अपी नम्पा संरक्षण क्षेत्र, बडिमालिका र परशुराम धाम क्षेत्रमा पर्यटन पूर्वाधारहरुको विकास गरी आन्तरिक तथा बाह्य पर्यटकहरुलाई आकर्षित गर्न सकिने ।

५. प्रादेशिक बजेट मूख्य खाद्यान्न बालीहरुको उत्पादन बढाउने, स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने, सार्वजनिक सेवा प्रवाहमा सुधार गर्ने र भौतिक पूर्वाधारमा लगानी गर्नेतर्फ केन्द्रित रहेकोले कृषि, उद्योग र पूर्वाधार क्षेत्रको विकास हुने सम्भावना रहेको ।

६. सुदूरपश्चिम प्रदेशका तराईका तथा पहाडका जिल्लाहरुमा कृषि क्षेत्रमा सीप, पुंजी, प्रविधिको प्रयोगमार्फत उत्पादन प्रक्रियाको यान्त्रीकरण र आधुनिकीकरण, भूमिको बैज्ञानिक उपयोग, विशिष्टिकृत कृषि प्रणालीको विकास गरी गरिबी निवारण गर्दै प्रदेशको दिगो आर्थिक विकास तथा खाद्य सुरक्षा सुनिश्चित गर्न सकिनुका साथै, जडिवुटी प्रशोधन उद्योगहरु स्थापना गरेर यस क्षेत्रको आर्थिक विकासमा टेवा पुर्‍याउन सकिने ।

७. यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान अन्य क्षेत्रभन्दा न्यून रहेकाले यस क्षेत्रमा पूर्वाधार सहितको साहसिक पर्यटन उद्योग, पदयात्रा, धार्मिक पर्यटन उद्योग, खेलकूद पर्यटन तथा स्थानीयस्तरमा उपलब्ध हुने तरकारी, फलफूल, मसला लगायत कच्चा पदार्थमा आधारित उद्योगहरुलाई उच्च प्राथमिकतामा राखी प्रादेशिक

औद्योगिक विकासलाई गति दिन सकिनुका साथै, भारतसँग सिमाना जोडिएकाले यस प्रदेशमा उत्पादित बस्तु तथा सेवा निर्यातको समेत सम्भावना रहेको ।

८. यस प्रदेशका निर्माणाधीन विभिन्न जलविद्युत् आयोजनाहरुको निर्माण द्रुत गतिमा सम्पन्न भएमा विद्युतीय पहुँच अभिवृद्धि भई विद्युत्मा आधारित उद्योग विस्तार गर्न सकिने सम्भावना रहेको । साथै, प्रदेशमा वैकल्पिक उर्जा ( सौर्य उर्जा, वायोग्यास आदि) को प्रवर्द्धन, विकास र विस्तार गर्न सकिने सम्भावना रहेको ।

९. संघीय, प्रादेशिक र स्थानीय सरकारहरुको समन्वय र सहकार्यमा कृषि तथा वनजन्य उत्पादनहरुको व्यवसायिक खेतीको विस्तार, जलविद्युत आयोजनाको निर्माण र पर्यटन क्षेत्रको विकास गर्न सकिने ।

१०. प्रादेशिक र स्थानीय सरकारको संस्थागत क्षमताको विकास गरी समग्र विकास प्रक्रियालाई द्रुत रुपमा अगाडि बढाउन सकिने ।

११. सबैभन्दा बढी गरिबी रहेको बाजुरामा जिल्ला उत्पादन हुने जैतुनको व्यवसायीक उत्पादन, प्रशोधन र बजारीकरण गरी स्थानीय स्तरमा रोजगारी सिर्जना गरी स्थानीयहरुको जीवनस्तर सुधार गर्न सकिने ।

१२. यस प्रदेशको प्रमुख नगदे बालीहरुको पकेट क्षेत्र विस्तार गर्ने, उचित मूल्य निर्धारण गर्ने तथा आधुनिक प्रविधिको माध्यमबाट उत्पादन वृद्धि भई आयात प्रतिस्थापन गरी निर्यात प्रवर्द्धन गर्न सक्ने उच्च सम्भावना रहेको ।

१३. राष्ट्रिय गौरवको आयोजनाको रुपमा ३८,३०० हेक्टर जमिनमा सिँचाइ गर्ने कुल सम्भाव्यता रहेको रानी जमरा कुलरिया सिँचाई परियोजना र ३३,५२० हेक्टर जमिनमा सिँचाइ गर्ने कुल सम्भाव्यता रहेको महाकाली सिँचाइ परियोजना द्रुत गतिमा सम्पन्न गर्न सके मौसमी निर्भरता कम भई कृषि योग्य भूमिको उत्पादकत्व तथा कृषि उत्पादनमा वृद्धि हुनुका साथै औद्योगिक विकासको गतिलाई समेत तीव्रता दिन सकिने ।

१४. औद्योगिक क्षेत्रका लागि आवश्यक पूर्वाधारहरु (औद्योगिक क्षेत्र, उद्योग ग्राम, सडक, विद्युत् आयोजना आदि) को निर्माणमा तीव्रता दिन सके औद्योगिक विकासको प्रचूर सम्भावना रहेको ।

१५. प्रदेशभित्रका महत्वपूर्ण ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा प्राकृतिक क्षेत्रमा पर्यटन पूर्वाधार विकास गरी आन्तरिक एवम् बाह्य पर्यटन प्रवर्द्धन गर्न सकिने ।

### २.४.२ सुदूरपश्चिम प्रदेशका चुनौतीहरु

१. कृषिको आधुनिकीकरण, औद्योगिकीकरण र व्यवसायीकरणका लागि आवश्यक पुँजी, ज्ञान, दक्ष जनशक्ति र ग्रामीण क्षेत्रमा भौतिक पूर्वाधारहरुको अभाव रहेको ।

२. गरिबी, भौगोलिक विकटता, न्यून साक्षरता र न्यून भौतिक पूर्वाधारको विकास ।

३. कृषि तथा वनजन्य उपजहरुको उत्पादनका लागि विभिन्न कार्यक्रमहरु सरकारबाट सञ्चालन भएतापनि उक्त उत्पादनहरुको सहज संकलन, भण्डारण र बजारीकरणको अभाव रहेको ।

४. मौसमी रुपमा भारत जाने श्रमिकहरुलाई प्रदेशमै स्वरोजगार तथा रोजगारको अवसर प्रदान गर्ने ।

५. भौगोलिक विकटता तथा न्यून भौतिक पूर्वाधारका कारणले पहाडी तथा हिमाली जिल्लाहरुमा गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सुविधा पुऱ्याउन कठिन रहेको ।

६. यस प्रदेशमा जातीय भेदभाव, छुवाछुत, छाउपडी प्रथा, बाल विवाह जस्ता कुरीतिहरु रहेको ।

७. जटिल भौगोलिक भू-बनोट र जलवायु परिवर्तनका कारणले भू-क्षय, बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोपका कारण धनजनको क्षती हुनु ।

८. कृषि पूर्वाधारको अभाव, प्राकृतिक प्रकोप व्यवस्थापन, तीव्र बसाईसराईका कारण खेतीयोग्य जमिन बाँझो राख्ने प्रवृत्ति लगायतका कारणले यस प्रदेशको उत्पादनलाई व्यावसायीकरण गरी कृषि उत्पादनमा प्रदेशलाई आत्मनिर्भर बनाउने कार्य चुनौतिपूर्ण रहेको ।

९. यस प्रदेशमा अथाह सम्भावना भएका क्षेत्रहरुको उत्खनन, प्रशोधन र अध्ययन अनुसन्धानको कमीले प्रादेशिक औद्योगिक र उद्यमशीलता विकासको गति न्यून रहेको ।

१०. भौगोलिक विकटताका बीच छरिएर रहेका बस्ती तथा गाउँहरुमा वित्तीय पूर्वाधारको विकास तथा वित्तीय साक्षरता अभिवृद्धिमार्फत वित्तीय पहुँच विस्तार गर्ने, आवश्यक पूर्वाधार निर्माण गर्ने, निक्षेप संकलन तथा कर्जा परिचालन, दक्ष जनशक्ति निर्माण मुख्य चुनौतीको रुपमा रहेको ।

११. पहाडी जिल्लाहरुलाई तराईका जिल्लाहरुसँग जोड्ने विभिन्न योजनाहरु निर्धारित समयमै सम्पन्न नहुँदा पहाड र तराई बीचको अन्तरआवद्धता मजबुद हुन नसकिरहेको ।
१२. कार्यालयहरु प्रविधिमैत्री नहुँदा तथ्याङ्क अद्यावधिक एवम् व्यवस्थापन गरी आवश्यक नीति निर्माण गर्ने कार्य चुनौतीपूर्ण रहेको ।
१३. प्रदेशको राजस्व संकलन गर्ने क्षमता न्यून रहेको अवस्थामा प्रदेशको स्रोत साधनको उपलब्धताबीचको खाडल पूर्ति गर्ने कार्य चुनौतीपूर्ण रहेको ।
१४. स्थानीय र प्रदेश सरकारको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गर्ने तथा पूर्वाधार निर्माणका लागि आवश्यक स्रोतको व्यवस्था गर्ने कार्य चुनौतीपूर्ण रहेको ।
१५. गुणस्तरीय स्वास्थ्य, शिक्षा, रोजगारीका अवसर तथा सहज जीवनका लागि हिमाली तथा पहाडी जिल्लाहरुबाट तराईमा हुने बसाइसराईलाई नियन्त्रण गर्ने ।
१६. स्थानीय स्तरमा उपलब्ध स्रोत साधनहरुको उच्चतम प्रयोगका लागि स्थानीय, प्रदेश र संघीय सरकारबीच प्राथमिकता निर्धारण गरी बजेट विनियोजन र कार्यान्वयन गर्नु ।

# परिच्छेद ३

# कृषि क्षेत्र

## ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र


समीक्षा अवधिमा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवम् फलफूल तथा मसला) ले ढाकेको भू-क्षेत्र २.९० प्रतिशतले ह्रास भएको छ। गत वर्ष यस्तो क्षेत्रफल ०.२० प्रतिशतले ह्रास आएको थियो।

**३.१.१ खाद्य तथा अन्य बाली :** समीक्षा अवधिमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा ३.९३ प्रतिशतले ह्रास भएको छ। गत वर्ष सोही अवधिमा यस्तो क्षेत्रफलमा ०.४० प्रतिशतले ह्रास आएको थियो। समीक्षा अवधिमा धान बालीले ढाकेको क्षेत्रफल १.३९ प्रतिशतले घटेको छ। कोदो, फापर, आलु, भटमासको क्षेत्रफल क्रमशः १९.७० प्रतिशत, १२.८४ प्रतिशत, १.४५ प्रतिशत र ४.१० प्रतिशतले वृद्धि भएको छ भने मकै, गहुँ, जौं, उखु, दलहन र तेलहनको क्षेत्रफल क्रमशः १.८४ प्रतिशत, १.३७ प्रतिशत, २३.९८ प्रतिशत, १.२९ प्रतिशत, २७.८४ प्रतिशत र १७.८२ प्रतिशतले ह्रास आएको छ।

**३.१.२ तरकारी :** समीक्षा अवधिमा तरकारीले ढाकेको क्षेत्रफल ७.३८ प्रतिशतले वृद्धि भएको छ। गत वर्ष सोही अवधिमा यस्तो क्षेत्रफल ३.४५ प्रतिशतले वृद्धि भएको थियो।

**३.१.३ फलफूल तथा मसला :** समीक्षा अवधिमा फलफूल तथा मसलाले ढाकेको क्षेत्रफल ७.६५ प्रतिशतले वृद्धि भएको छ। गत वर्ष सोही अवधिमा यस्तो क्षेत्रफल ०.६८ प्रतिशतले वृद्धि भएको थियो।

**चित्र २ : प्रमुख खाद्यान्न बालीले ढाकेको क्षेत्रफल (हजार हेक्टरमा)**




*स्रोतः कृषि ज्ञान केन्द्रहरु, कृषि विकास निर्देशनालय*

**जिल्लागत स्थिति :** समीक्षा अवधिमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ३०.७२ प्रतिशत रहेको छ भने दार्चुला जिल्लाको सबैभन्दा कम ४.२८ प्रतिशत रहेको छ। समीक्षा अवधिमा तरकारी तथा वागवानीले ढाकेको क्षेत्रफलमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ४३.१३ प्रतिशत र बझाङ जिल्लाको सबैभन्दा कम २.५८ प्रतिशत रहेको छ। त्यसैगरी फलफूल तथा मसलाजन्य बालीले ढाकेको क्षेत्रफलमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी २५.८८ प्रतिशत र अछाम जिल्लाको हिस्सा सबैभन्दा कम २.५५ प्रतिशत रहेको छ।

**तालिका ३ : कृषि उपजले ढाकेको भू-क्षेत्र (हेक्टरमा)**

| जिल्ला | क्षेत्रफल (हेक्टरमा) | | | हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफुल तथा मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफुल तथा मसला |
| दार्चुला | २०,२९६.७५ | १,०७०.२२ | ६,३३२.०० | ४.२८ | ४.६१ | २१.९८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **बैतडी** | ३९,५८८.०० | ९६३.७० | ४,५२३.६३ | ८.३५ | ४.१५ | १५.७० |
| **डडेलधुरा** | २३,५६७.०० | १,३९५.०० | १,३२५.०० | ४.९७ | ६.०१ | ४.६० |
| **कञ्चनपुर** | १०४,४८७.०० | ३,७६०.०० | १,४५२.०० | २२.०४ | १६.१९ | ५.०४ |
| **बझाङ** | २६,८४४.०० | ६००.०० | २,४४९.०० | ५.६६ | २.५८ | ८.५० |
| **बाजुरा** | २८,९२१.०० | ९८५.०० | १,६९३.०० | ६.१० | ४.२४ | ५.८८ |
| **डोटी** | ४१,२६८.०० | ३,७३७.५० | २,८४३.०० | ८.७० | १६.०९ | ९.८७ |
| **अछाम** | ४३,५२८.०० | ६९८.६० | ७३४.०० | ९.१८ | ३.०१ | २.५५ |
| **कैलाली** | १४५,६६७.०० | १०,०१९.०० | ७,४५६.०० | ३०.७२ | ४३.१३ | २५.८८ |
| **जम्मा** | ४७४,१६६.७५ | २३,२२९.०२ | २८,८०७.६३ | १००.०० | १००.०० | १००.०० |

*स्रोतः कृषि ज्ञान केन्द्रहरु, कृषि विकास निर्देशनालय*

## ३.२ कृषि उत्पादन


समीक्षा अवधिमा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवम् फलफूल तथा मसला) को उत्पादन ८.१६ प्रतिशतले ह्रास आएको छ । गत वर्षको सोही अवधिमा यस्ता बालीको उत्पादन ५.५१ प्रतिशतले वृद्धि भएको थियो ।

### ३.२.१ खाद्य तथा अन्य बाली

समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको उत्पादन १०.७४ प्रतिशतले ह्रास आएको छ । प्रमुख खाद्य तथा अन्य बालीमध्ये सबैभन्दा बढी कोदोको उत्पादन ४०.४९ प्रतिशतले वृद्धि भएको छ भने धान उत्पादनमा ३१.४९ प्रतिशतले ह्रास आएको छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना तथा जिल्ला कृषि ज्ञान केन्द्रहरुले रैथाने बाली प्रर्वद्धन कार्यक्रम सञ्चालन गरेका कारण कोदोको उत्पादनमा वृद्धि भएको हो भने धानबाली पाक्ने समयमा परेको अत्यधिक वर्षाका कारण धानको उत्पादनमा ह्रास आएको हो ।

जिल्लागत आधारमा बाजुरा, बझाङ, दार्चुला, डडेलधुरा, डोटी जिल्लामा खाद्य तथा अन्न बालीको उत्पादनमा वृद्धि भएको छ भने अन्य जिल्लाहरुमा उत्पादनमा ह्रास आएको छ । यस्ता बालीको उत्पादन सबैभन्दा बढी बाजुरा जिल्लामा ३१.३७ प्रतिशतले वृद्धि भएको छ भने कैलाली जिल्लामा २५.६६ प्रतिशतले ह्रास आएको छ ।

**चित्र ३ : प्रमुख खाद्यान्न बालीको उत्पादन स्थिति (हजार मेट्रिक टनमा)**




*स्रोतः कृषि ज्ञान केन्द्रहरु, कृषि विकास निर्देशनालय*

**३.२.२. तरकारी :** समीक्षा अवधिमा तरकारी उत्पादन २.०५ प्रतिशतले वृद्धि भएको छ। गत वर्ष सोही अवधिमा तरकारी उत्पादन २३.१० प्रतिशतले वृद्धि भएको थियो । जिल्लागत आधारमा तरकारीको समग्र उत्पादन सबैभन्दा बढी डोटी जिल्लामा १६.६० प्रतिशतले वृद्धि भएको छ भने कैलाली जिल्लामा २.८८ प्रतिशतले ह्रास आएको छ ।

**३.२.३. फलफूल तथा मसला :** समीक्षा अवधिमा फलफूल तथा मसला बालीको समग्र उत्पादन ३.०४ प्रतिशतले बढेको छ । गत वर्ष सोही अवधिमा फलफुल तथा मसला बालीको उत्पादन २.०९ प्रतिशतले वृद्धि भएको थियो । जिल्लागत

आधारमा फलफूल तथा मसला बालीको समग्र उत्पादन सबैभन्दा बढी अछाम जिल्लामा २५.४१ प्रतिशतले बढेको छ भने बैतडी जिल्लामा सो उत्पादन ५.१२ प्रतिशतले घटेको छ ।


**जिल्लागत स्थिति :** समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको उत्पादनमा कञ्चनपुर जिल्लाको हिस्सा सबैभन्दा बढी ३८.२६ प्रतिशत र दार्चुला जिल्लाको सबैभन्दा कम २.९९ प्रतिशत रहेको छ । त्यसैगरी, तरकारी तथा वागवानी उत्पादनमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ४४.२९ प्रतिशत र बझाङ जिल्लाको सबैभन्दा कम २.४७ प्रतिशत रहेको छ । त्यसैगरी, फलफूल तथा मसलाजन्य बालीको उत्पादनमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ४७.०८ प्रतिशत र अछाम जिल्लाको हिस्सा सबैभन्दा कम १.५४ प्रतिशत रहेको छ ।

**तालिका ४ : कृषि बालीको जिल्लागत उत्पादन (मेट्रिक टनमा)**

| जिल्ला | उत्पादन (मेट्रिक टन) | | | हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफुल तथा मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफुल तथा मसला |
| दार्चुला | ४८,०१३.६० | १२,८१६.६८ | ६,३२९.०० | २.९९ | ४.५१ | ३.८० |
| बैतडी | ९०,१५०.०० | १२,६०१.१० | ६,१२७.३० | ५.६२ | ४.४४ | ३.६८ |
| डडेलधुरा | ८०,३८३.०० | २०,५००.०० | १३,०४४.०० | ५.०१ | ७.२२ | ७.८२ |
| कञ्चनपुर | ६१३,५५१.०० | ५६,४००.०० | १७,३०२.२० | ३८.२६ | १९.८६ | १०.३८ |
| बझाङ | ५७,८६३.०० | ७,०००.०० | ६,५७७.०० | ३.६१ | २.४७ | ३.९५ |
| बाजुरा | ६०,२६९.०० | ९,४६०.०० | ७,४१८.०० | ३.७६ | ३.३३ | ४.४५ |
| डोटी | ११७,९७५.०० | २९,१००.०० | २८,८५३.०० | ७.३६ | १०.२५ | १७.३१ |
| अछाम | ९१,३९४.०० | १०,३२७.७५ | २,५७२.५९ | ५.७० | ३.६४ | १.५४ |
| कैलाली | ४४४,१५४.०० | १२५,७६९.०० | ७८,४९४.०० | २७.६९ | ४४.२९ | ४७.०८ |
| **जम्मा** | **१,६०३,७५२.६०** | **२८३,९७४.५३** | **१६६,७१७.०९** | **१००.००** | **१००.००** | **१००.००** |

*स्रोत: कृषि ज्ञान केन्द्रहरु, कृषि विकास निर्देशनालय*

**चित्र ४ : प्रमुख खाद्य तथा अन्य बालीको जिल्लागत उत्पादन स्थिति (हजार मेट्रिक टनमा)**




*स्रोत: कृषि ज्ञान केन्द्रहरु, कृषि विकास निर्देशनालय*

## ३.३. पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन

**३.३.१ पशुपंन्छी उत्पादन :** समीक्षा अवधिमा दूध उत्पादन ३.०९ प्रतिशतले बढेको छ । गत वर्ष सोही अवधिमा दूध उत्पादन ४.५४ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा मासुजन्य उत्पादन २.३७ प्रतिशतले बढेको छ भने गत वर्ष सोही अवधिमा मासु उत्पादन २.४० प्रतिशतले बढेको थियो । मासुजन्य उत्पादनतर्फ कुखुरा तथा हाँसको मासु उत्पादन ४.५७ प्रतिशत, खसी/बोका/भेडाको मासु उत्पादन २.६८ प्रतिशत, सुंगुर/बंगुरको मासु उत्पादन २.८५ प्रतिशत, भैंसी/राँगोको मासु उत्पादन १.२९ प्रतिशतले बढेको छ ।

समीक्षा अवधिमा अण्डा उत्पादन ३.१९ प्रतिशत, उन उत्पादन ११.७२ प्रतिशत, छाला उत्पादन २.६३ प्रतिशतले बढेको छ । गत वर्ष सोही अवधिमा अण्डा उत्पादन ३.३९ प्रतिशत, छाला उत्पादन ०.९८ प्रतिशतले बढेको थियो भने उन उत्पादन ८.६८ प्रतिशतले घटेको थियो ।

समीक्षा अवधिमा माछा उत्पादन २.६३ प्रतिशतले वृद्धि भएको छ । गत आर्थिक वर्षको सोही अवधिमा माछा उत्पादन १.८८ प्रतिशतले वृद्धि भएको थियो ।

समीक्षा अवधिमा वनजन्य उत्पादनतर्फ काठ उत्पादन ४५.२२ प्रतिशत, दाउरा उत्पादन ६१.४१ तथा अन्य उत्पादन ५२.१० प्रतिशतले वृद्धि भएको छ भने औषधीजन्य वस्तु उत्पादनमा ३१.८५ प्रतिशतले ह्रास आएको छ । गत वर्ष सोही अवधिमा औषधीजन्य उत्पादन ६८.०७ प्रतिशत, दाउरा १५.७३ प्रतिशत तथा काठ उत्पादन १२.५६ प्रतिशतले वृद्धि भएको थियो भने अन्य उत्पादनमा ३३.२३ प्रतिशतले ह्रास भएको थियो ।

प्रदेश वन ऐन, २०७६ बमोजिम वनक्षेत्रमा रहेका सुख्खाखडा र ढलापडा रुखहरु ३ वर्षभित्र निकाल्ने प्रावधानको कार्यान्वयन, समयमा संकलन इजाजत प्रदान र सामुदायिक वन तथा निजी आवादी जग्गामा वृक्षारोपणलाई प्रोत्साहन गरिएको हुँदा काठ र दाउरा उत्पादनमा वृद्धि भएको हो ।

**जिल्लागत स्थिति:** समीक्षा अवधिमा दुधको उत्पादनमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ३६.३३ प्रतिशत र बझाङ जिल्लाको सबैभन्दा कम १.०८ प्रतिशत रहेको छ । यसैगरी मासु उत्पादनमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ४१.८४ प्रतिशत र बाजुरा जिल्लाको सबैभन्दा कम ३.४५ प्रतिशत रहेको छ । त्यसैगरी, अण्डा उत्पादनमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ५२.६६ प्रतिशत र बाजुरा जिल्लाको हिस्सा सबैभन्दा कम ०.६८ प्रतिशत रहेको छ ।

**तालिका ५ : प्रमुख पशुपंक्षीजन्य उत्पादन**


| जिल्ला | उत्पादन | | | हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | दुध (हजार लिटरमा) | मासु (मेट्रिक टन) | अन्डा (हजार गोटा) | दुध (हजार लिटरमा) | मासु (मेट्रिक टन) | अन्डा (हजार गोटा) |
| **दार्चुला** | १६,४०३ | २,१७९ | ५२३ | ६.८१ | ४.८८ | ०.७३ |
| **बैतडी** | १७,६२६ | ३,०४२ | ३,६०५ | ७.३२ | ६.८१ | ५.०१ |
| **डडेलधुरा** | ६,१५३ | ३,५९२ | ७१२ | २.५५ | ८.०५ | ०.९९ |
| **कञ्चनपुर** | ७०,७६० | ७,३६१ | २०,०४० | २९.३८ | १६.४९ | २७.८७ |
| **बझाङ** | २,५९० | २,६७१ | १,२५० | १.०८ | ५.९८ | १.७४ |
| **बाजुरा** | १०,७०१ | १,५४१ | ४८९ | ४.४४ | ३.४५ | ०.६८ |
| **डोटी** | १७,९९४ | ३,१८५ | ४,०२९ | ७.४७ | ७.१३ | ५.६० |
| **अछाम** | ११,१३१ | २,३९७ | ३,३८९ | ४.६२ | ५.३७ | ४.७१ |
| **कैलाली** | ८७,५२० | १८,६८३ | ३७,८६६ | ३६.३३ | ४१.८४ | ५२.६६ |
| **जम्मा** | **२४०,८७८** | **४४,६५१.३२** | **७१,९०२.९५** | **१००.००** | **१००.००** | **१००.००** |

*स्रोत: भेटेनरी अस्पताल तथा पशुविज्ञ केन्द्रहरु, पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय*

## ३.४ सिँचाइ

समीक्षा अवधिमा सुदूरपश्चिम प्रदेशमा कुल सिँचित क्षेत्रफल ३.४० प्रतिशतले वृद्धि भएको छ । गत वर्ष सोही अवधिमा सिँचित क्षेत्रफल ४.४१ प्रतिशतले वृद्धि भएको थियो । यस प्रदेशमा कुल खेती गरिएको भू-भागमध्ये ३६.८७ प्रतिशत क्षेत्रफल सिँचित रहेको छ । कुल सिँचित क्षेत्रफलमध्ये २६.३० प्रतिशत कुलो र ७१.२६ प्रतिशत नहरबाट सिँचित भएको छ भने पोखरीबाट १.९२ प्रतिशत, बोरिङ्ग तथा थोपा सिँचाई प्रणालीबाट ०.५२ प्रतिशत सिँचाइ भएको देखिन्छ ।

**चित्र ५ : सिंचाई सुविधा (हजार हेक्टरमा)**





*स्रोत: जिल्ला सिँचाई विकास डिभिजन कार्यालय*

## ३.५ क्षेत्रगत कृषि कर्जा

२०७९ असार मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाहरुबाट सुदूरपश्चिम प्रदेशमा कृषिमा प्रवाहित कर्जा २०७८ असार मसान्तको तुलनामा २६.०० प्रतिशतले वृद्धि भई रु. १५ अर्ब २२ करोड ५४ लाख पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा ४७.६३ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा अवधिमा कुल कृषि कर्जामध्ये सबैभन्दा बढी अन्य कृषि तथा कृषिजन्य सेवामा १८.७६ प्रतिशत प्रवाह भएको छ भने सबैभन्दा कम ०.००३ प्रतिशत सूर्तिमा प्रवाह भएको छ।

समीक्षा अवधिमा यस प्रदेशमा प्रवाहित कुल कर्जामध्ये कृषि क्षेत्रतर्फ प्रवाहित कर्जाको अंश १०.१९ प्रतिशत रहेको छ। कृषि क्षेत्रमा प्रवाहित कर्जामध्ये कैलाली जिल्लाको अंश ६५.५४ प्रतिशत, कञ्चनपुरको १९.८० प्रतिशत, डडेलधुरा, डोटी, दार्चुला, बझाङ, अछाम, बैतडी, तथा बाजुराको अंश क्रमशः ३.८१ प्रतिशत, २.४६ प्रतिशत, २.४१ प्रतिशत, १.९५ प्रतिशत, १.४९ प्रतिशत, १.४८ प्रतिशत र १.०६ प्रतिशत रहेको छ।

**चित्र ६ : क्षेत्रगत कृषि कर्जा प्रवाहको अवस्था (रु. दश लाखमा)**





*स्रोत: नेपाल राष्ट्र बैंक*

## ३.६ सहुलियतपूर्ण कर्जा र पुनरकर्जा

२०७९ असार मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाहरुबाट सुदूरपश्चिम प्रदेशमा प्रवाह भएको सहुलियतपूर्ण कर्जा २०७८ असार मसान्तको तुलनामा ४०.२४ प्रतिशतले वृद्धि भई १० अर्ब ५६ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस शीर्षकमा ७ अर्ब ५३ करोड कर्जा प्रवाह भएको थियो।

त्यसैगरी २०७९ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरुबाट सुदूरपश्चिम प्रदेशमा प्रवाह भएको पुनरकर्जा २०७८ असार मसान्तको तुलनामा १९.७२ प्रतिशतले वृद्धि भई ५ अर्ब ३३ करोड ४३ लाख पुगेको छ। गत वर्ष सोही अवधिमा यस शीर्षकमा ४ अर्ब ४५ करोड ५५ लाख कर्जा प्रवाह भएको थियो।

**चित्र ७ : सहुलियतपूर्ण कर्जा तथा पुनरकर्जा प्रवाहको अवस्था (रु. दश लाखमा)**




*स्रोत: नेपाल राष्ट्र बैंक*

**जिल्लागत स्थिति :** शीर्षक अनुसार प्रवाहित भएको कर्जामध्ये क्षेत्रगत कृषि कर्जा, सहुलियपूर्ण कर्जा तथा पुनरकर्जामा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी रहेको छ भने बाजुरा जिल्लाको हिस्सा सबैभन्दा कम रहेको छ ।

**तालिका ६ : जिल्लागत रुपमा कर्जाको प्रवाहको अवस्था**

| जिल्ला | कर्जा प्रवाह (रु.करोडमा) | | | हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | क्षेत्रगत कृषि कर्जा | सहुलियपूर्ण कर्जा | पुनरकर्जा | क्षेत्रगत कृषि कर्जा | सहुलियपूर्ण कर्जा | पुनरकर्जा |
| **दार्चुला** | ३७ | २० | ९ | २.४१ | १.९२ | १.६८ |
| **बैतडी** | २२ | १६ | ४ | १.४८ | १.५० | ०.७३ |
| **डडेलधुरा** | ५८ | ४३ | २२ | ३.८१ | ४.०३ | ४.१० |
| **कञ्चनपुर** | ३०१ | २५१ | १३१ | १९.८० | २३.७९ | २४.५७ |
| **बझाङ** | ३० | २० | ४ | १.९५ | १.८८ | ०.७७ |
| **बाजुरा** | १६ | ७ | ४ | १.०६ | ०.६३ | ०.६७ |
| **डोटी** | ३८ | ३८ | ७ | २.४६ | ३.५७ | १.२९ |
| **अछाम** | २३ | १६ | ७ | १.४९ | १.५४ | १.४० |
| **कैलाली** | ९९८ | ६४६ | ३४६ | ६५.५४ | ६१.१२ | ६४.८१ |
| **जम्मा** | **१५२२.५५** | **१०५६.०९** | **५३३.४३** | **१००** | **१००** | **१००** |

*स्रोत: नेपाल राष्ट्र बैंक*

## ३.७ कृषि क्षेत्रका सम्भावना र चुनौतीहरु

**चुनौतीहरु:**

१. श्रम र सीप हुनेहरुमा कृषि भूमिको पहुँच पुऱ्याई आधुनिक प्रविधि र पूँजीको प्रयोग मार्फत कृषि क्षेत्रलाई व्यवसायीकरण गर्नु ।

२. परम्परागत निर्वाहमुखी कृषि प्रणालीलाई प्रतिस्थापित गर्दै कृषिको व्यावसायीकरण, आधुनिकीकरण, औद्योगीकरण र विविधिकरण गर्दै कुल गार्हस्थ्य उत्पादनमा यस प्रदेशले कृषि क्षेत्रमा पुऱ्याईरहेको योगदानको हिस्सा अभिवृद्धि गर्ने ।

३. बसाईसराईका कारण बाँझो हुँदै गएको पहाडी जिल्लाहरुको खेतीयोग्य जमिनहरुलाई लिज एवम् करार खेतीमार्फत प्रयोगमा ल्याई कृषि उत्पादन बढाउनु ।

४. सिँचाइको अथाह सम्भावनाका बावजुद सो सम्वन्धित परियोजनाहरु निर्धारित समयमै सम्पन्न नहुँदा सिँचाइका लागि मौसमी निर्भरता न्यूनीकरण गर्नु ।

५. राष्ट्रियस्तरमा नै अपेक्षित उन्नत बीउवीजनको ५ प्रतिशत मात्र औपचारिक क्षेत्रबाट आपूर्ति भएको अवस्थामा प्रदेशमा स्थानीय कृषकहरुलाई आफ्नै क्षेत्रमा समयमै गुणस्तरीय बीउवीजन उपलब्ध गराउने एवम् बीउको बढ्दो मागको आपूर्ति गर्ने, उत्पादन वृद्धि गर्ने, बीउ सम्बन्धी पूर्वाधार सुदृढीकरण गर्ने, विचौलियाको प्रभुत्व हटाउने । साथै, मलखादमा आत्मनिर्भरता बढाई गुणस्तरीय मलखादको समुचित उपयोग वृद्धि गर्ने ।

६. Hunger Index बमोजिम भोकमरीको अवस्था न्यूनीकरण गरी प्रदेशमा खाद्य सुरक्षा र सम्प्रभुताको सुनिश्चितता गर्ने ।
७. मौसम परिवर्तन, भूक्षय, बाढीपहिरो, खडेरी, शीत-लहर तथा गर्मी-लहर जस्ता वातावरणीय चुनौतीहरु व्यवस्थापन गर्ने ।
८. बिचौलियाको प्रभुत्व हटाई बजार अनुसार मूल्य निर्धारण गर्ने ।
९. कृषि कर्जा, कृषि बीमा, कृषि अनुदान सम्बन्धी पर्याप्त ज्ञानको अभावले सो सुविधा नलिएका कृषकहरुलाई कृषि व्यवसायको जोखिम न्यूनीकरण तथा कृषि लगानीको सुरक्षाको प्रत्याभूति दिने, अनुदान वितरण कार्यलाई थप व्यवस्थित गर्ने तथा अनुदान वास्तविक किसानसम्म पुऱ्याउने ।
१०. बढ्दो शहरीकरणले तराईमा रहेको उर्वर कृषि भूमिको खण्डीकरणलाई रोकी उत्पादकत्व बढाउने ।
११. कृषिजन्य उत्पादनहरुको मूल्य श्रृंखला विकास गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।
१२. कृषि क्षेत्र तथा पशुपालनमा बीमा कम्पनीहरुको आकर्षण कम रहेको सन्दर्भमा बीमामा कृषकहरुको पहुँच बढाउने ।
१३. धानबालीले ढाकेको क्षेत्रफल क्रमश घट्दै गईरहेको देखिएकोले तराईको समथर कृषियोग्य जमिन अन्य प्रयोजनमा प्रयोग भईरहेको हुनसक्ने देखिएको ।

**सम्भावनाहरुः**

१. कैलाली र कञ्चनपुर जिल्लाहरु उखु खेतीका लागि उपयुक्त रहेको एवम् कञ्चनपुर जिल्लामा दुईवटा चिनी मिल सञ्चालनमा रहेकाले उन्नत बीउ, आधुनिक प्रविधि र उखु कृषकहरुको क्षमता अभिवृद्धि गरी उखु खेतीको विस्तारका साथै उत्पादन र उत्पादकत्व बृद्धि गर्न सकिने सम्भावना रहेको ।
२. भौगोलिक विविधतायुक्त सुदूरपश्चिम प्रदेशले मुख्य बालीहरुको भारत तथा तिब्बतमा समेत निर्यात गरी बाह्य व्यापार प्रवर्द्धन गर्न सकिने र आधुनिक कृषि प्रविधिको सदुपयोगबाट दिगो आर्थिक वृद्धि तथा खाद्य सुरक्षा सुनिश्चित गर्न सकिने सम्भावना रहेको ।
३. सुदूरपश्चिम प्रदेश भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले बनाएको कृषि अनुसन्धान, प्रसार र शिक्षा कार्यक्रम कार्यविधि २०७८ बमोजिम यस प्रदेशमा खेतीयोग्य भूमि खण्डीकरण तथा जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै कृषि उत्पादकत्व र उत्पादन वृद्धिलाई जोड दिन राष्ट्रिय आवास कम्पनी लिमिटेड पुनरवास स्थित ७४ बिघा बाँझो जमिनमा चक्लाबन्दीमा कृषि अनुसन्धान, प्रसार र शिक्षा कार्यक्रम व्यवस्थित रुपमा सञ्चालन गर्ने भएकाले यसले भविष्यमा प्रादेशिक कृषि उत्पादन अभिवृद्धि भई भूमि खण्डीकरण कम गर्ने सम्भावना रहेको ।
४. प्रदेश गौरव योजनाको रुपमा रहेको तथा प्रदेशका ९ वटै जिल्लाका स्थानीय तहहरुमा आर्थिक वर्ष २०७५/७६ देखि सञ्चालित मुख्यमन्त्री एकिकृत कृषि तथा पशुपंक्षी विकास कार्यक्रमले यस प्रदेशलाई खाद्य सुरक्षा र सम्प्रभुताको सुनिश्चितता प्रदान गर्ने, आयात प्रतिस्थापन गर्ने, निर्यात प्रवर्द्धन गर्न सहयोग पुऱ्याईरहेको ।
५. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत कैलाली, कञ्चनपुर र डडेलधुरा जिल्लामा क्रमशः धान, गहुँ र आलुको सुपरजोन तथा कैलालीमा तेलहन बाली, डडेलधुरामा भटमास, बैतडीमा मकै, बाजुरामा जैतुन, दार्चुलामा स्याउ/ओखर, अछाम र बझाङमा आलु र डोटीमा अदुवा र बेसार जोनको सञ्चालनले प्रदेश यी प्रमुख बालीहरुमा आत्मनिर्भर भई निर्यात समेत प्रवर्द्धन गर्न सकिने सम्भावना रहेको ।
६. राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको रानीजमरा कुलरिया सिँचाइ आयोजना निर्माणको अन्तिम चरणमा रहेकोले कैलाली जिल्लाको तराई भू-भागमा सिँचाइ सुविधामा विस्तार भई तरकारी लगायतका अन्य खाद्यबालीको उत्पादनमा वृद्धि हुन सक्ने ।
७. डोटीस्थित कृषि अनुसन्धान केन्द्रलाई सुदूरपश्चिमको क्षेत्रीय कृषि अनुसन्धान केन्द्रमा परिणत गर्ने हालसालैको निर्णयको परिपूरकका रूपमा सुदूरपश्चिम क्षेत्रका विभिन्न कृषि-पर्यावरणीय स्थानहरूमा (उच्च पहाड, मध्य पहाड र तराई) कृषि अनुसन्धान केन्द्रहरू स्थापना भएमा प्रदेश कृषि क्षेत्रमा आत्मनिर्भर भई कृषि उपजको निर्यात तथा आयात प्रतिस्थापन गर्न सकिने ।

८. यस प्रदेशमा उत्पादन भईरहेका कृषि क्षेत्रको प्राविधिक जनशक्तिलाई आधुनिक कृषि प्रणालीसँग आवद्ध गर्दै उद्यमशीलताको विकास गरी रोजगारीको अवसर सिर्जना र वृद्धि गर्न सकिने ।

९. संघीय सरकारबाट सञ्चालित प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना र सुदूरपश्चिम प्रदेश सरकारबाट सञ्चालित मुख्यमन्त्री एकिकृत कृषि तथा पशुपंक्षी विकास कार्यक्रमले कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रिकीकरण तथा व्यवसायीकरण भई उत्पादन तथा उत्पादकत्व वृद्धि हुने ।

१०. उच्च मूल्य भएका सुन्तला, कागती, जुनार, चुक, आँप, लिची, केरा, स्याउ, ओखर, आलु, दलहन, बासमती चामल, जैतुन र मह जस्ता बालीहरुको भौगोलिक पहिचान सहितको ब्राण्डिङ्ग गरी बजारीकरण गर्न सकिने सम्भावना रहेको ।

## बक्स १ : बाखा आनुवंशिक फर्म, बुढीतोला, कैलाली संक्षिप्त परिचय

नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, पशु सेवा विभाग, राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय मातहत सञ्चालन हुने गरी कैलाली जिल्लाको गोदावरी नगरपालिका वडा नं. ४ मा अवस्थित बाखा आनुवांशिक स्रोत केन्द्र बुढीतोला, वि.सं. २०४० सालमा स्थापना भएको हो। भीमदत्त लोकमार्ग सडकको छेउ चुरे पहाड र महाभारतको भञ्ज्याङ सँगै अवस्थित यो केन्द्र पूर्व पश्चिम राजमार्गको अत्तरिया चोकबाट २५ कि.मी.को दुरीमा रहेको छ। चारैतर्फ जंगलले घेरिएको कुल १४.१५ हेक्टर क्षेत्रफलमा फैलिएको यस केन्द्रको प्रमुख उद्देश्य राष्ट्रियस्तरमा बाखाको आनुवांशिक स्रोत संरक्षण, प्रवर्द्धन र सदुपयोग गर्नु हो। बाखा विकाससँग सम्बन्धित प्रविधिको विकास र विस्तार गरी बाखाको उत्पादकत्वमा वृद्धि गरि प्रदेशलाई मासु उत्पादनमा आत्मनिर्भर बनाउन तथा राष्ट्रियस्तरमा बाखापालनमा व्यवसायिकता अभिवृद्धि गर्न बाखा अनुवांशिक स्रोतको स्थापना गरिएको हो। यस केन्द्रले देशका विभिन्न जिल्लाका भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, गाँउपालिका तथा नगरपालिका अन्तर्गत पशु सेवा शाखा, कृषक समूह समिति तथा व्यावसायिक बाखापालक कृषकहरुलाई विभिन्न जातका प्रजनन योग्य बोका, पाठी र विभिन्न जातका बहुवर्षे भूईघाँस तथा डालेघाँसका बीउ र बिरुवाहरु बिक्री वितरण गर्दै आएको छ। हाल यस केन्द्रमा स्थायी, करार र दैनिक ज्यालादारीमा गरी १९ जना कर्मचारीहरु कार्यरत रहेका छन्।

यस फर्मले स्थानीय खरि, अष्ट्रेलियन बोयर तथा बोयर/खरि क्रस जातका बाखा उत्पादन तथा विक्री वितरण गर्ने गर्दछ। हाल यस फर्ममा खरि जातका २५६, बोयर शुद्ध जातका ६९ र बोयर खरि क्रस जातका ४५ गरी जम्मा ३७० वटा बाखाहरु रहेका छन्। साथै, बाखापालन समूहका कृषकहरुलाई स्थलगत तालिमहरु र सालबसाली नर्सरी स्थापना तथा विभिन्न किसिमका डालेघाँस (किम्बु, टांकी, बकाईनो र कुटमिरो) को बेर्ना उत्पादन गरी समूहमा आवद्ध तथा अन्य कृषकहरुलाई वितरण गर्ने गरेको छ। यस फार्मको स्थापनापश्चात यस क्षेत्रमा बाखापालनमा उन्नत प्रविधिको प्रयोगमा वृद्धि भएको, सुधारिएका खोर, कृषकहरुलाई आन्तरिक तथा बाह्य परजिवी बारे जानकारी, औषधी प्रयोगविधिमा सुधार आएको, आहारा आपूर्तिका लागि घाँस उत्पादन प्रविधिमा सुधार आएको, उन्नत जातका बाखापालनमा वृद्धि तथा कृषकहरुमा जैविक सुरक्षा सम्बन्धी जनचेतना बढेको छ। यस सम्बन्धी तथ्याङ्किय विवरण अनुसूची १ मा देखाईएको छ।

*स्रोतः बाखा आनुबंशिक फार्म, बुढीतोला।*

## बक्स २ : सुदूरपश्चिम प्रदेशमा रहेका १० वटा नर्सरी व्यवसायहरुको अवस्था

नर्सरीहरुमा बढी बिक्री हुने फलफूलका बिरुवाहरुमा स्याउ, ओखर, नासपाती, आरु, कागजी बदाम, किवी, हलुवावेद, अंगुर, स्ट्रबेरी, सुन्तला, अनार, कागती, अम्बा, आँप, ड्रागन फ्रुट, मौसमी, निम्बु आदि रहेको पाइयो। फलफूलका बिरुवाहरु व्यवसायीहरुले आफैं बिउ र कलमी गरी उत्पादन गर्नुका साथै हेटौडा, रौतहट, कञ्चनपुर, सर्लाही, नेपालगञ्ज र काँकरभित्ताबाट खरिद गरी बिक्री गर्ने गरिएको पाइयो। स्याउ, ओखर, किवी, हलुवावेद तथा अंगुरका बोटहरु बागवानी अनुसन्धान केन्द्र, जुम्ला र फलफूल विकास केन्द्र, किर्तीपुरबाट समेत खरिद गर्ने गरिएको पाइयो। अलंकारिक बिरुवाहरुमा बढी बिक्री हुने बिरुवाहरुमा एरिका पाम, रबर प्लान्ट, क्रिसमस प्लान्ट, गुलाब, बुगनभिला, धुपी रहेको पाइयो। उक्त बिरुवाहरु धेरै जसो नेपालगञ्ज, हेटौडा र रौतहटबाट खरिद गर्ने र केही मात्रामा आफैं कलमी गरी उत्पादन गर्ने गरिएको पाइयो।

केही नर्सरीहरुमा तरकारीका बिरुवाहरु पनि उत्पादन गरी बिक्री गर्ने गरिएको पाइयो। सो अन्तर्गत बढी बिक्री हुने बिरुवाहरुमा बन्दा, लौका, खुर्सानी, फर्सी आदि रहेको पाइयो। उक्त बिरुवाहरु नर्सरीहरुमा आफैं बिउबाट उत्पादन गरी बिक्री गर्ने गरिएको पाइयो।

निजी नर्सरीहरुले धेरैजसो लगानीकर्ताहरुका घरपरिवारका सदस्यहरुलाई स्वरोजगार प्रदान गरेको छ। उक्त नर्सरीहरुले नियमित रुपमा १ देखि २ जना कामदारहरुलाई काममा लगाउने गरेको पाइयो। साथै, कामको चाप हेरी आवश्यकता अनुसार दैनिक ज्यालादारीमा समेत कामदारहरुलाई काममा लगाउने गरिएको पाइयो। केही नर्सरी व्यवसायीहरुले कृषि ज्ञान केन्द्रबाट प्राविधिक सहयोग समेत लिने गरेको पाइयो। अध्ययन गरिएका नर्सरीहरुको विवरण अनुसूची २ मा देखाईएको छ।

*स्रोतः सम्बन्धित नर्सरीहरु।*

### बक्स ३ : प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना नेपालको समग्र कृषि क्षेत्रको विकासका लागि कार्यान्वयनमा ल्याइएको बहुप्रतिष्ठित परियोजना हो । कृषि क्षेत्रको व्यवसायीकरण, यान्त्रिकीकरण र आधुनिकीकरण मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गर्ने स्पष्ट मार्गचित्रका साथ यो परियोजना लागू गरिएको हो । यस परियोजना अन्तर्गत साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम, व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम, व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम र बृहत्तर व्यवसायिक कृषि उत्पादन तथा आद्योगिक केन्द्र (सुपरजोन) विकास कार्यक्रम गरी जम्मा चार वटा सम्भागहरु रहेका छन् । यो परियोजना आर्थिक वर्ष २०७३/७४ देखि लागू हुने गरी १० वर्ष अवधिको लागि सञ्चालनमा ल्याइएको छ । परियोजनाको अन्त्य सम्ममा देशभरि २१ वटा सुपरजोन, ३०० वटा जोन, १,५०० वटा ब्लक र १५,००० वटा पकेटहरु स्थापना गरिनेछ । यस परियोजनको कुल लागत रु. १ खर्ब ३० अर्ब ७४ करोड २० लाख रहेको छ ।

सुदूरपश्चिम प्रदेश अन्तर्गत आर्थिक वर्ष २०७८/७९ को अन्त्यसम्म ३ वटा सुपरजोन र १६ वटा जोन अन्तर्गत विभिन्न कार्यक्रमहरु सञ्चालनमा रहेका छन् । परियोजना अन्तर्गत कञ्चनपुर जिल्लामा धान सुपरजोन, कैलाली जिल्लामा गहुँ सुपरजोन र डडेल्धुरामा आलु सुपरजोन कार्यान्वयनमा ल्याइएको छ । त्यसैगरी अछाम जिल्लामा आलु र बाख्रा जोन, कञ्चनपुर जिल्लामा गहुँ जोन, कैलाली जिल्लामा तेलहन र धान जोन, डडेल्धुरा जिल्लामा भटमास जोन, डोटी जिल्लामा अदुवा, बेसार र सुन्तलाजातका जोन, बाजुरा जिल्लामा जैतुन, स्याउ र ओखर जोन, बैतडी जिल्लामा मकै र तरकारी जोन, दार्चुला जिल्लामा स्याउ, ओखर र सुन्तलाजातका जोन र बझाङ्ग जिल्लामा सिमी र आलु जोन कार्यक्रम सञ्चालनमा रहेका छन् ।

यस परियोजनाको कार्यान्यवनबाट सुदूरपश्चिम प्रदेशमा भएका उल्लेखनीय परिवर्तनहरु अन्तर्गत बझाङ्ग जिल्लामा वर्षभरि ४ वटा सिजनमा आलु लगाउने अभ्यास शुरु भएको र आलु भण्डारणका लागि ५ वटा रस्टिक स्टोर निर्माण भएको, बाजुरा जिल्लामा ७३ हेक्टर क्षेत्रमा जैतुन बगैंचा स्थापनामा सहयोग पुगेको, कञ्चनपुर जिल्लामा कृषि यान्त्रिकीकरण प्रवर्द्धन भई कृषकहरुको उत्पादन लागत न्यूनीकरण भएको, मकै र चैते धानको क्षेत्र विस्तार भएको र धानको उत्पादकत्वमा वृद्धि भएको, दार्चुला जिल्लामा उन्नत जातका स्याउ/ओखरको बिरुवाहरुको उपलब्धतामा वृद्धि र १२२ हेक्टरमा सिचाई क्षेत्र विस्तार भएको, अछाम जिल्लामा आलु खेतीको व्यवसायीकरण र बाख्राको नश्ल सुधारमा टेवा पुगेको, डडेल्धुरा जिल्लाको २ स्थानमा आलुको बीउ स्रोत केन्द्रको स्थापना र सोलार सिचाई, लिफ्ट सिचाई, पक्की कुलो, पोखरी निर्माणबाट करिब ९० हेक्टरमा सिचाई सुविधा विस्तार भएको र कैलाली जिल्लामा कृषि यान्त्रिकीकरण प्रवर्द्धन भई कृषकहरुको उत्पादन लागत न्यूनीकरण र गहुँको बीज वृद्धि कार्यक्रम मार्फत बीउ उत्पादनमा वृद्धि भएको देखिएको छ ।

सुदूरपश्चिम प्रदेशमा यस परियोजनाका लागि आर्थिक वर्ष २०७३/७४ देखि २०७८/७९ सम्म रु. १ अर्ब १७ करोड बयालिस लाख विनियोजन भई रु. ९१ करोड २३ लाख (७७.७ प्रतिशत) खर्च भएको छ । उक्त परियोजनाको कार्यन्वयनबाट यस प्रदेशमा हालसम्म ३५,९०५ जना लाभान्वित भएका छन् ।

*स्रोतः : प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्यवन एकाई, धनगढी ।*

# परिच्छेद ४

## उद्योग क्षेत्र


### ४.१ उद्योगको क्षमता उपयोग, उत्पादन तथा प्रत्यक्ष रोजगारी

यस प्रदेशमा खाने तेल, प्रशोधित दूध, गहुँको पिठो, चामल, चिनी, काठ, साबुन, ईटा, रोजिन एण्ड टर्पेन्टाईन लगायतका उद्योगहरु रहेकोमा १३ वटा उद्योगहरुबाट नियमित रुपमा तथ्याङ्क संकलन गरी विश्लेषण गर्ने गरिएको छ ।

समीक्षा अवधिमा सर्वेक्षणमा समेटिएका उद्योगको औसत क्षमता उपयोग ४२.९३ प्रतिशत छ । आर्थिक वर्ष २०७८/७९ मा चिनी, गहुँको पिठो, ईटाँ, तोरीको तेल उत्पादन गर्ने उद्योगको अधिकतम क्षमता उपयोग भएको देखिएको छ । त्यसैगरी, साबुन, रोजीन, प्रशोधित दूध र चामल उत्पादन गर्ने उद्योगहरुको क्षमता उपयोग अत्यन्तै न्यून रहेको छ । रोजिन उत्पादन गर्ने उद्योग कामदारहरुको अभाव, कच्चा पदार्थ संकलनमा भएको ढिलाईका कारण उद्योग पूर्ण रुपमा सञ्चालन हुन नसकेको कारण उत्पादन न्यून हुन गएको, प्रशोधित दूध उत्पादन गर्ने उद्योगमो दूधको आपूर्ति कम भएको कारण उत्पादन न्यून रहेको छ ।

समीक्षा अवधिमा अध्ययनले समेटेका उद्योगमध्ये दूध उत्पादन यथावत रहेको, तेल उत्पादनमा ह्रास आएको र अन्य वस्तुहरुको उत्पादनमा वृद्धि भएको छ । पछिल्लो समयमा आर्थिक गतिविधिहरु बढ्दै गएकाले औद्योगिक अत्पादनमा बृद्धि हुन गएको देखिन्छ । अध्ययनमा समेटिएका उद्योगहरुमा प्रत्यक्ष रोजगारी १ हजार २ सय ३५ जना रहेको छ । रोजगारीमा आबद्ध महिला तथा पुरुषको अंश क्रमशः १० प्रतिशत र ९० प्रतिशत रहेको छ भने ३३ प्रतिशत भारतीय नागरिकहरुले समेत यस क्षेत्रमा रोजगारी पाईरहेका छन् ।

**चित्र ८ : उद्योगको क्षमता उपयोग (प्रतिशतमा)**




*स्रोत: अध्ययन क्षेत्रका सम्बन्धित उद्योगहरु*


### ४.२ क्षेत्रगत औद्योगिक कर्जा

२०७९ असार मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाहरुले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा २०७८ असार मसान्तको तुलनामा ४.२१ प्रतिशतले घट्न गई रु.२५ अर्ब ६८ करोड २५ लाख पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा २९.५० प्रतिशतले वृद्धि भएको थियो । कुल प्रवाहित कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाहित भएको कर्जाको अंश १७.१८ प्रतिशत रहेको छ ।

समीक्षा अवधिसम्ममा कुल औद्योगिक कर्जामध्ये गैरखाद्य वस्तु उत्पादन सम्बन्धी उद्योगमा प्रवाहित कर्जा सबैभन्दा बढी ५४.१४ प्रतिशतले वृद्धि भएको छ भने निर्माण सम्बन्धी उद्योगमा सबैभन्दा बढी ४५.७१ प्रतिशतले ह्रास आएको छ ।

कुल औद्योगिक कर्जामध्ये कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी उद्योगमा ४०.९९ प्रतिशत, गैर खाद्यवस्तु सम्बन्धी उद्योगमा २७.६५ प्रतिशत, निर्माण सम्बन्धी उद्योगमा २१.९० प्रतिशत, धातुको उत्पादन, मेसिनरी तथा इलेक्ट्रोनिक उद्योगमा ७.६१ प्रतिशत, विद्युत्, ग्याँस तथा पानी उद्योगमा १.२५ प्रतिशत र खानीसम्बन्धी उद्योगमा ०.६० प्रतिशत अंश रहेको छ ।

**चित्र ९ : औद्योगिक कर्जा प्रवाह (रु. करोडमा)**




*स्रोतः नेपाल राष्ट्र बैंक*

**तालिका ७ : जिल्लागत रुपमा औद्योगिक कर्जा प्रवाहको अवस्था**

| जिल्ला | औद्योगिक कर्जा प्रवाह (रु.करोडमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|
| दार्चुला | १५ | ०.५७ |
| बैतडी | १३ | ०.५१ |
| डडेलधुरा | ५५ | २.१३ |
| कञ्चनपुर | ४५६ | १७.७५ |
| बझाङ | ७ | ०.२७ |
| बाजुरा | १० | ०.४० |
| डोटी | २५ | ०.९८ |
| अछाम | १५ | ०.५७ |
| कैलाली | १,९७३ | ७६.८१ |
| **जम्मा** | **२,५६८** | **१००.००** |

*स्रोतः नेपाल राष्ट्र बैंक*

समीक्षा अवधिमा यस प्रदेशमा प्रवाह भएको कुल औद्योगिक कर्जामध्ये कैलाली जिल्लाको अंश सबैभन्दा बढी ७६.८१ प्रतिशत रहेको छ भने बझाङ जिल्लाको अंश सबैभन्दा कम ०.२७ प्रतिशत रहेको छ । यसैगरी, कञ्चनपुर, डडेल्धुरा, डोटी, दार्चुला, अछाम, बैतडी तथा बाजुराको अंश क्रमशः १७.७५ प्रतिशत, २.१३ प्रतिशत, ०.९८ प्रतिशत, ०.५७ प्रतिशत, ०.५७ प्रतिशत, ०.५१ प्रतिशत र ०.४० प्रतिशत रहेको छ ।

## ४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना

**चुनौतीहरुः**

१. औद्योगिक क्षेत्रका लागि आवश्यक पूर्वाधारहरु (औद्योगिक क्षेत्र, उद्योग ग्राम, सडक, विद्युत् आयोजना आदि) को निर्माण गर्नु ।
२. औद्योगिक असुरक्षा, असहज श्रम सम्वन्ध, कमजोर औद्योगिक पूर्वाधार, दक्ष जनशक्तिको अभाव, प्रविधि ग्रहण गर्ने क्षमताको कमी, न्यून उत्पादकत्व, निर्यातयोग्य वस्तुहरुमा विविधीकरणको कमी आदि उद्योग सञ्चालनका लागि मुख्य चुनौतीको रुपमा रहेको ।
३. उद्योग सञ्चालनका लागि आवश्यक दक्ष जनशक्ति उत्पादन गर्नु ।
४. आपूर्ति व्यवस्थापनलाई चुस्त तथा प्रभावकारी बनाउनु ।

५. स्थानीय रुपमा उपलब्ध स्रोत तथा साधनहरुको उपयोग गर्नुका साथै, स्वदेशी श्रमशक्तिको दक्षता अभिवृद्धि गर्नु ।
६. निर्यातयोग्य वस्तुहरुको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्नु तथा वस्तु विविधिकरण एवम् उत्पादकत्व बढाउनु ।
७. पर्याप्त अनुसन्धान, अन्वेषण र सम्भाव्य क्षेत्रको पहिचान गरी औद्योगिकरण र उद्यमशीलता विकास गर्नु ।

**सम्भावनाहरुः**

१. सुदूरपश्चिम प्रदेशस्थित विभिन्न स्थानिय तहमा साना तथा लघु उद्यमहरुको विकास, स्थानियस्तरका औद्योगिक ग्राम तथा औद्योगिक क्षेत्रको पहिचान, यार्सागुम्बा, मह, पहाडी जिल्लाहरुमा प्रशस्त मात्रामा पाइने सल्लोको प्रयोग गरी रोजिन एण्ड टर्पेन्टाइन लगायतका प्रतिस्पर्धात्मक लाभ भएका बस्तुहरूको उत्पादनलाई प्रोत्साहन गर्न सकेमा स्थानीय औद्योगिक विकास प्रक्रिया सहज हुने ।
२. डोटी, डडेलधुरा, बैतडी, दार्चुला, बझाङ तथा बाजुरा जिल्लामा प्रशस्त मात्रामा पाईने बहुमूल्य जडिवुटी यार्सागुम्बा, पाँचऔले, भ्याउ, भुतकेश, भोजपत्र, भ्याकुर, दालचिनी, टिमुर, पाषणवेद, दारुहल्दी, तितेपाती, गुच्ची च्याउ, कुमकुम, सिकाकाई, सतुवा, कुटकी, काफलबोक्रा, ओखरबोक्रा, धुपिपात, अलैची, अमला आदि प्रशोधनका लागि जडिवुटी प्रशोधन उद्योग स्थापना गर्न सकिने ।
३. कैलाली र कञ्चनपुर जिल्ला कृषि उत्पादनका लागि उर्वर भएका कारण कृषिमा आधारित उद्योगहरु (विशेषतः धान, गँहु, दलहन तथा नगदेबाली) को स्थापना गर्न सकिने ।
४. यस प्रदेशमा पर्याप्त मात्रामा मकैको उत्पादन हुने भएकाले पशुदानासम्बन्धी उद्योग स्थापना गर्न सकिने ।
५. डडेलधुरा, बैतडी तथा डोटी जिल्लामा प्रशस्त मात्रामा भटमास खेती हुने भएकाले ती जिल्लाहरुमा भटमास प्रशोधन उद्योगको स्थापना गर्न सकिने ।
६. यस प्रदेशमा चुनढुङ्गा प्रयोग गरी क्लिङ्कर तथा सिमेन्ट उत्पादन गर्ने उद्योग, तामा, फलाम र मार्वल उद्योग, चिनी उद्योग, पल्प तथा कागज उद्योग, प्राङ्गारिक मल उद्योग, दुग्ध उद्योग आदिको अथाह सम्भाव्यता रहेकोले सो सम्बन्धमा उत्खनन, प्रशोधन र अध्ययन अनुसन्धान गर्नका लागि सरकारी तवरबाट प्रयास गर्न सकिने ।
७. व्यवसायिक शिक्षा तालिम केन्द्र र प्राविधिक प्रशिक्षण प्रतिष्ठानहरुको समन्वयमा उद्योगहरुलाई आवश्यक पर्ने दक्ष तथा प्राविधिक जनशक्ति उत्पादन गर्न सकिने ।
८. सहुलियतपूर्ण कर्जा सदुपयोग गरी साना तथा मझौला उद्योगहरुको विकास गर्न सकिने ।
९. नेपाल सरकारबाट घोषणा भएका औद्योगिक ग्रामको पूर्वाधार निर्माण कार्य तीनै तहका सरकारको लागत साझेदारीमा सम्पन्न गर्न सकिने ।
१०. बैतडी र बझाङमा रहेको फस्फोराइटको खानीबाट फस्फोरश मल उत्पादन गर्न सकिने ।

# परिच्छेद ५

## सेवा क्षेत्र

### ५.१ पर्यटन

समीक्षा अवधिसम्ममा सुदुरपश्चिम प्रदेशका ९ जिल्लाहरुमा ४८ वटा पर्यटकस्तरीय होटलहरु सञ्चालनमा रहेका छन । समीक्षा वर्षमा पर्यटकिय होटल तथा लजको संख्यामा ११.६३ प्रतिशतले वृद्धि भई ४८ पुगेको छ भने होटल शैंयाको संख्या १६.२२ प्रतिशतले वृद्धि भई १ हजार ६ सय ४८ पुगेको छ। समीक्षा अवधिमा अध्ययन क्षेत्रका होटलहरुको औषत अकुपेन्सी क्षमता ४६.४० प्रतिशत रहेको छ। समीक्षा अवधिमा पर्यटकस्तरीय होटल तथा लजमा प्रत्यक्ष रोजगारी संख्या गत आर्थिक वर्षको सोही अवधिको भन्दा ३८.०७ प्रतिशतले वृद्धि भई ५ सय ७३ रहेको छ ।

आर्थिक वर्ष २०७८/७९ मा यस प्रदेशमा १ लाख २५ हजार ५ सय ६२ जना स्वदेशी, ४ हजार ४ सय ७९ जना भारतीय, ८५ जना चिनीया तथा १ हजार २ सय २८ विदेशी गरी जम्मा १ लाख ३१ हजार ३ सय ५४ जना पर्यटकहरुले यस प्रदेशको भ्रमण गरेका छन *(स्रोतः सम्बन्धित होटलहरु, अध्यागमन कार्यालयहरु)* ।

कोभिड महामारीको असर विस्तारै न्यून हुदै गएको, आर्थिक क्रियाकलापहरु बढ्दै गएको, स्वदेशी तथा विदेशी पर्यटकहरुको आवागमन बढ्दै गएका कारण पर्यटकस्तरिय होटल तथा लजहरु खुल्ने क्रम बढ्दै गएको छ । जसका कारण अबका दिनमा पर्यटन क्षेत्र थप चलायमान हुने देखिन्छ ।

**बक्स ४ : पर्यटन क्षेत्रको वस्तु स्थिति**

***यस प्रदेशमा रहेका ४८ वटा पर्यटक स्तरीय होटलहरुमध्ये पर्यटकीय सेवा सुविधा तथा कर्जा लगानीका आधारमा नमूनाको रुपमा छनौट गरिएका १० वटा पर्यटकस्तरीय होटलहरुको संक्षिप्त विवरण तल प्रस्तुत गरिएको छ ।***

आर्थिक वर्ष २०७८/७९ मा कोभिड महामारीको असर कम हुँदै गएका कारण आर्थिक गतिविधिहरु बढ्दै गएका छन । कोभिडका कारण ठप्प रहेका व्यापार व्यवसाय चलायमान बन्दै गएका छन् । कोभिडका कारण सञ्चालनमै रहेका केही पर्यटकस्तरिय होटल तथा लजहरु पूर्ण रुपमा बन्द भएका तथा नयाँ होटल विस्तार तथा निर्माण सम्पन्नको अवस्थामा रहेका केही होटलहरु हाल सञ्चालनमा आएका छन ।

समीक्षा वर्षमा नमुनाको रुपमा छनौट गरिएका १० होटलहरुको औसत अकुपेन्सी ४९.१ प्रतिशत रहेको पाइयो । समीक्षा अवधिमा यी नमुना होटलहरुमा स्वदेशी पर्यटकहरु करीब ५२,८५८ जना, भारतीय पर्यटकहरु १,४०४ जना, चिनीयाँ पर्यटक ३ जना तथा तेस्रो मुलुकबाट आएका ४७१ जना गरी जम्मा ५४,७३६ जना पर्यटकहरु यस प्रदेशमा भ्रमण गरेको देखिन्छ ।

समीक्षा वर्षमा १८५ जना पुरुष तथा ४१ महिला गरी जम्मा २२६ जना यस क्षेत्रमा रोजगार पाएको देखिन्छ ।

**नमुनाको रुपमा छनौट गरिएका होटलहरुको अकुपेन्सी तथा रोजगारी विवरण**

| | **विवरण** | **आ.व. २०७८/७९** |
|---|---|---|
| | पर्यटक स्तरीय होटल तथा लजको संख्या | १० |
| | जम्मा बेड संख्या | ६१६ |
| | औषत अकुपेन्सी | ४९.१ |
| **पर्यटक आगमन** | **जम्मा** | **५४,७३६** |
| | स्वदेशी | ५२,८५८ |
| | भारत | १,४०४ |
| | चीन | ३ |
| | तेस्रो मुलुक | ४७१ |
| **रोजगारी** | **जम्मा** | **२२६** |
| | पुरुष | १८५ |
| | महिला | ४१ |

*स्रोत : सम्बन्धित होटलहरु*

### बक्स ५ : भादागाउँ थारु होमस्टे: एक अध्ययन

धनगढी उपमहानगरपालिका १६ मा पर्ने भादागाँउ होमस्टे २०११ को पर्यटन वर्षलाई लक्षित गरी आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यका साथ वि.सं २०६७ मा शुरुवात गरिएको थियो । धनगढीबाट करीब १२ किलोमिटर पूर्वमा अवस्थित, कच्ची मोटरबाटोको सुविधा रहेको उक्त स्थानसम्म पुग्न करीब आधा घण्टा समय लाग्ने गरेको छ । यस होमस्टेको चारैतिर सामुदायिक बनले ढाकेको छ। २० वटा होमस्टेको स्वीकृति पाएको भादागाँउमा हाल १२ वटा होमस्टेबाट सेवा प्रदान भैरहेको छ । हाल यस होमस्टेमा करीब २५ जनाले प्रत्यक्ष रुपमा रोजगारी पाईरहेका छन । खानबस्नको उचित व्यवस्था रहेको यस होमस्टेमा विशुद्ध थारु खानपान, संस्कृति, भेषभूषा, नाचगान एवम् परम्परागत शिल्पकलाको कारण परिचित यस होमस्टेले आन्तरिक तथा बाह्य पर्यटकहरुलाई समेत आकर्षित गर्न सफल भएको छ ।

यस होमस्टेमा आउने स्वदेशी तथा विदेशी पर्यटकहरुलाई मनोरञ्जन प्रदान गर्न थारु समुदायको मौलिक संस्कृति झल्किने सखिया, झुम्रा, मघौटा, हरदङ्गवा, लठ्ठी, बैठक्की नाँच देखाईनुका साथै थारु जातिका मौलिक परिकार ढिक्री, फुलौरी, खरिया, खुर्मा, पनझझरा, कचरीक् बरिवा, घोंघी, गगंटा, सुटही, मुसाको सेकुवा, सिध्रा, महुँवाको रक्सी, चामलको रक्सी आदिको स्वाद लिन सकिन्छ । यस बाहेक गाउँको रमणीय वातावरणको अवलोकन गराउन थारु समुदायको परम्परागत लहरुमा शयर गराउने, नजिकै रहेको जोगिनिया ताल तथा सहदेव महादेव तालमा डुंगामा शयर गराउने व्यवस्था मिलाईएको छ । त्यस्तै, भादागाउँबाट डेढ किलोमिटरको दूरीमा अर्को पर्यटकीय क्षेत्र कोईलही ताल रहेको छ । यसका साथै यस क्षेत्रको प्रशिद्ध बेहडाबाबा मन्दिर, रामेश्वर मन्दिरमा दर्शन गर्न सकिन्छ । त्यसै गरी यस होमस्टेको प्रवर्द्धनका निमित्त हरेक वर्ष पुष १७ गतेदेखि २१ गतेसम्म भादागाँउ महोत्सव पनि सञ्चालन हुने गरेको छ ।

*स्रोत: भादागाँउ होमस्टे, भादागाँउ, कैलाली*

## ५.२ सार्वजनिक निर्माण तथा रियल स्टेट


समीक्षा अवधिमा समग्र घरजग्गा रजिष्ट्रेशन संख्या २७.२८ प्रतिशतले घटेको छ । गत वर्ष सोही अवधिमा सो संख्या ३३.५६ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन वापतको राजस्व संकलन ७.१२ प्रतिशतले ह्रास भई रु.१ अर्ब १५ करोड ८० लाख भएको छ। गत वर्षको सोही अवधिमा यस्तो राजस्व संकलन ५२.०४ प्रतिशतले वृद्धि भएको थियो ।

समीक्षा अवधिमा घर/भवन नक्सा पास संख्या ३.१३ प्रतिशतले घटेको छ। गत वर्षको सोही अवधिमा घर/भवन नक्सा पास संख्या २६.१७ प्रतिशतले बढेको थियो ।

समीक्षा अवधिमा सुदूरपश्चिम प्रदेशमा रहेका जिल्लाहरुमध्ये अछाम जिल्लामा घरजग्गा रजिष्ट्रेशनमा वृद्धि भएको छ भने बाँकी जिल्लाहरुमा घरजग्गा रजिष्ट्रेशन ह्रास आएको छ ।

समीक्षा अवधिमा कैलाली जिल्लामा सबैभन्दा बढी १,३७७ वटा घर/भवन नक्सा पास भएका छन् भने बाजुरा र दार्चुला जिल्लामा घर/भवन नक्सा पास भएको छैन । यस आर्थिक वर्षमा आर्थिक क्रियाकलापहरु सुचारु हुनुका साथै पहाडी जिल्लाहरुमा कर्जा लगायत बैंकिङ्ग प्रयोजनका लागि घरनक्सा पास गर्ने प्रचलन बढेका कारण नक्सा पास संख्यामा वृद्धि भएको, दार्चुला जिल्लामा यस आर्थिक वर्षमा घरनक्सा पास नभएका तर अभिलेखिकरण कार्य मात्र भएको तथा बाजुरा जिल्लामा नक्सा पास गर्ने प्रचलन विगतमा समेत नरहेकोले यस वर्ष समेत नक्सा पासको संख्या शुन्य रहेको छ ।

**चित्र १० : घरजग्गा कारोवारको अवस्था**




*स्रोत: भूमि व्यवस्थापन तथा अभिलेख विभाग, बबरमहल, काठमाडौं*

## ५.३ वित्तीय सेवा


समीक्षा अवधिमा सुदूरपश्चिम प्रदेशमा वाणिज्य बैंकका ३२९, विकास बैंकका ५२, वित्त कम्पनीका ६ तथा लघुवित्त वित्तीय संस्थाका ४५३ गरी जम्मा ८४० शाखा सञ्चालनमा छन् । यसमध्ये कैलाली जिल्लामा सबैभन्दा बढी ३६६ तथा बाजुरा जिल्लामा सबैभन्दा कम २७ शाखा सञ्चालनमा छन् । गत वर्ष सोही अवधिमा यस प्रदेशमा वाणिज्य बैंकका ३१७, विकास बैंकका ४६, वित्त कम्पनीका ६ तथा लघुवित्त वित्तीय संस्थाका ४०८ गरी जम्मा ७७७ वटा बैंक तथा वित्तीय संस्थाका शाखाहरु सञ्चालनमा रहेका थिए ।

**तालिका ८ : बैंक तथा वित्तीय संस्थाका शाखा (२०७९ असार मसान्त)**

| विवरण | वाणिज्य बैंक | विकास बैंक | वित्त कम्पनी | लघु वित्त विकास बैंक | जम्मा |
|---|---|---|---|---|---|
| बाजुरा | १३ | १ | ० | १३ | २७ |
| बझाङ | १८ | १ | ० | १९ | ३८ |
| दार्चुला | १८ | २ | ० | १२ | ३२ |
| बैतडी | १७ | २ | ० | १९ | ३८ |
| डडेलधुरा | २५ | १ | ० | २७ | ५३ |
| डोटी | २० | १ | ० | २७ | ४८ |
| अछाम | १८ | ३ | ० | ३३ | ५४ |
| कैलाली | १३५ | ३० | ५ | १९६ | ३६६ |
| कञ्चनपुर | ६५ | ११ | १ | १०७ | १८४ |
| **जम्मा** | **३२९** | **५२** | **६** | **४५३** | **८४०** |

*स्रोत: नेपाल राष्ट्र बैंक*

**चित्र ११ : बैंक तथा वित्तीय संस्थाका शाखा (संख्यामा)**





*स्रोत नेपाल राष्ट्र बैंक*

## ५.४ निक्षेप तथा कर्जा

२०७९ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाबाट सुदूरपश्चिम प्रदेशमा बैंक तथा वित्तीय संस्थाले संकलन गरेको कुल निक्षेप २०७८ असार मसान्तको तुलनामा २७.२७ प्रतिशतले बढ्न गई रु. १ खर्ब १५ अर्ब ६५ करोड ५४ लाख पुगेको छ । गत वर्ष सोही अवधिमा यस्तो निक्षेप २९.५४ प्रतिशतले वृद्धि भएको थियो ।

२०७९ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाबाट सुदूरपश्चिम प्रदेशमा बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कुल कर्जा २०७८ असार मसान्तको तुलनामा १७.४२ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ४९ अर्ब ४६ करोड ४४ लाख पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा ३६.२० प्रतिशतले वृद्धि भएको थियो ।

**चित्र १२ : निक्षेप तथा कर्जा (रु. अर्बमा)**




*स्रोतः नेपाल राष्ट्र बैंक*

**चित्र १३ : जिल्लागत कर्जा तथा कर्जाको अवस्था (रु. दश लाखमा)**

| जिल्ला | निक्षेप तथा कर्जा (रु.दश लाखमा) | | हिस्सा (प्रतिशत) | |
|---|---|---|---|---|
| | निक्षेप | कर्जा | निक्षेप | कर्जा |
| बाजुरा | ३,०५०.६८ | १,३९५.६१ | २.६४ | ०.९३ |
| बझाङ | ४,०७३.५८ | २,१४०.७५ | ३.५२ | १.४३ |
| दार्चुला | ५,५३७.२४ | २,२७७.४८ | ४.७९ | १.५२ |
| बैतडी | ६,०२३.८१ | १,९१३.४४ | ५.२१ | १.२८ |
| डडेलधुरा | ६,१८१.८१ | ४,८३२.७४ | ५.३५ | ३.२३ |
| डोटी | ५,२६०.०५ | ३,१४३.१७ | ४.५५ | २.१० |
| अछाम | ४,८८४.९२ | २,६४७.८५ | ४.२२ | १.७७ |
| कैलाली | ५४,५७६.२९ | १०२,३७९.६१ | ४७.१९ | ६८.५० |
| कञ्चनपुर | २६,०६७.१० | २८,७३३.८० | २२.५४ | १९.२२ |
| **जम्मा** | **११५,६५५.४७** | **१४९,४६४.४५** | **१००.००** | **१००.००** |


*स्रोतः नेपाल राष्ट्र बैंक*

समीक्षा अवधिसम्ममा बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको निक्षेपमा कैलाली जिल्लाको अंश सबैभन्दा बढी अर्थात् ४७.१९ प्रतिशत र बाजुरा जिल्लाको अंश सबैभन्दा कम अर्थात् २.६४ प्रतिशत रहेको छ । त्यसैगरी समीक्षा अवधिसम्ममा अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जामा कैलाली जिल्लाको अंश सबैभन्दा बढी अर्थात् ६८.५० प्रतिशत र बाजुरा जिल्लाको सबैभन्दा कम अर्थात् ०.९३ प्रतिशत प्रतिशत रहेको छ ।

## ५.५ फण्ड ट्रान्सफर

आर्थिक वर्ष २०७८/७९ मा सुदूरपश्चिम प्रदेशका ९ जिल्लामा रहेका नोटकोषहरु ( आठ वटा वाणिज्य बैंक नोटकोष तथा १ वटा नेपाल बैंक नोटकोष) मा यस कार्यालयबाट कुल रकम रु. ९ अर्ब ७२ करोड २८ लाख ५० हजार फण्ड ट्रान्सफर भएको छ । गत वर्षको सोही अवधिमा यस प्रदेशमा रहेका नोटकोषहरुमा १२ अर्ब ८५ करोड फण्ड ट्रान्सफर भएको थियो ।

**चित्र १४ : जिल्लागत फण्ड ट्रान्सफरको अवस्था (रु. करोडमा)**




*स्रोत : नेपाल राष्ट्र बैंक धनगढी कार्यालय*

## ५.६ यातायात तथा सञ्चार

**यातायात:** समीक्षा अवधिसम्ममा यस प्रदेशमा दर्ता भएका कुल सवारी साधनको संख्या अघिल्लो वर्षको तुलनामा १२.९२ प्रतिशतले वृद्धि भई १ लाख ९२ हजार ३ सय ९० पुगेको छ। यसमध्ये मोटरसाइकलको संख्या १३.१८ प्रतिशतले वृद्धि भई १ लाख ४६ हजार २ सय २८ तथा अन्य सवारी साधनको संख्या १२.१० प्रतिशतले बृद्धि भई ४६ हजार १ सय ६२ पुगेको छ।

**तालिका ९ : यातायात साधनको संख्या**

| विवरण | दुई वर्ष अघि | गत अवधि | समीक्षा अवधि | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| | २०७७ असार मसान्त | २०७८ असार मसान्त | २०७९ असार मसान्त | | |
| मोटरसाइकल | ११२,५०२ | १२९,१९७ | १४६,२२८ | १४.८४ | १३.१८ |
| अन्य | ३९,१७७ | ४१,१७९ | ४६,१६२ | ५.११ | १२.१० |
| **यातायातका साधनको संख्या** | **१५१,६७९** | **१७०,३७६** | **१९२,३९०** | १२.३३ | १२.९२ |

*स्रोत: यातायात व्यवस्था कार्यालय सेती र महाकाली*

**सञ्चार:** २०७८ असार मसान्तसम्ममा सुदूरपश्चिम प्रदेशमा नेपाल टेलिकमबाट वितरित ल्याण्डलाईन टेलिफोन तथा मोबाईलको संख्या गत वर्षको तुलनामा २.०० प्रतिशत वृद्धि भई २३ लाख ७० हजार ९ सय ५८ पुगेको छ भने इन्टरनेट प्रयोगकर्ताको संख्यामा २०.७२ प्रतिशत वृद्धि भई १६ लाख ६५ हजार १ सय ३७ पुगेको छ। समीक्षा अवधिसम्ममा यस प्रदेशका ८७.४५ प्रतिशत जनसंख्यामा टेलिफोन सेवा तथा ६१.४२ प्रतिशत जनसंख्यामा ईन्टरनेटको पहुँच पुगेको छ।

**तालिका १० : सञ्चार सुविधा**

| वितरित टेलिफोन संख्या | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| स्थाई (फिक्स्ड) | २४,८२७ | २३,२५१ | - ६.३५ |
| मोबाइल | २,२९९,६१७ | २,३४७,७०७ | २.०९ |
| अन्य | | | |
| **कुल जम्मा** | **२,३२४,४४४** | **२,३७०,९५८** | **२.००** |
| **कुल टेलिफोन पहुँच प्रतिशत** | **८५.७३** | **८७.४५** | |
| | | | |
| **ईन्टरनेट सेवा** | **आ.व. २०७७/७८** | **आ.व. २०७८/७९** | **प्रतिशत परिवर्तन** |
| Fixed Broadband (Wired) | २१,४०६ | २१,१८३ | - १.०४ |
| Fixed Broadband (Wireless) | ५७५ | ५५९ | - २.७८ |
| Mobile Broadband | १,३५७,३४५ | १,६४३,३९५ | २१.०७ |
| **कुल जम्मा** | **१,३७९,३२६** | **१,६६५,१३७** | **२०.७२** |
| **कुल ईन्टरनेट पहुँच प्रतिशत** | **५०.८७** | **६१.४२** | |

* नेपाल टेलिकमबाट वितरित जि.एस.एम मोबाईल सहित सम्पूर्ण टेलिफोन सेवा

*स्रोत : नेपाल दूरसञ्चार प्राधिकरण क्षेत्रीय कार्यालय अत्तरिया, कैलाली*

## ५.७ शिक्षा तथा स्वास्थ्य

**(क) शिक्षा :** आर्थिक वर्ष २०७८/७९ को असार मसान्तसम्ममा सुदूरपश्चिम प्रदेशमा सरकारी, निजी एवं सामुदायिक विद्यालय, प्राविधिक शिक्षालय, त्रिभुवन विश्वविद्यालय अर्न्तगत रहेका आंगिक क्याम्पस र सुदूरपश्चिम विश्वविद्यालय तथा सो अन्तर्गतका आंगिक क्याम्पस गरी कुल ४,४२४ वटा शैक्षिक संस्थाहरु संचालनमा रहेका छन्। आर्थिक वर्ष २०७८/७९ मा सबै किसिमका अध्ययन संस्थाहरुमा कुल ९ लाख ३१ हजार २ सय ८९ विद्यार्थीहरु अध्ययनरत रहेका छन् भने उक्त संस्थाहरुमा कुल २२ हजार ४ सय ५८ जना शिक्षक/प्राध्यापकहरुले अध्यापन गराउँदै आएका छन।

**तालिका ११ : शैक्षिक तथ्याङ्क**

| विवरण | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| विद्यालय/क्याम्पस संख्या | ४,४२२ | ४,४२२ | ४,४२४ | ० | ०.०५ |
| विद्यार्थी संख्या | ९,०१,७६६ | ९,०६,४६० | ९,३१,२८९ | ०.५२ | २.७४ |
| शिक्षक/प्राध्यापक संख्या | २२,१५६ | २२,२९० | २२,४५८ | ०.६ | ०.७५ |

*स्रोत: जिल्ला शिक्षा समन्वय ईकाइ, विश्वविद्यालयहरु*

**(ख) स्वास्थ्य सेवा:** आर्थिक वर्ष २०७८/७९ को असार मसान्तसम्ममा यस प्रदेशमा निजी/सामुदायिक/सरकारी गरी कुल ४६ वटा अस्पतालहरु संचालनमा रहेका छन् । उक्त अस्पतालहरुमा कुल १ हजार ३४ शैंया मार्फत २१३ जना चिकित्सकहरुले सेवा दिइरहेका छन् ।

**तालिका १२ : स्वास्थ्य तथ्याङ्क**

| सरकारी/सामुदायिक/निजी अस्पताल | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| अस्पताल संख्या | ३९ | ४१ | ४६ | ५.१३ | १२.२० |
| चिकित्सक संख्या | १६१ | २०१ | २१३ | २४.८४ | ५.९७ |
| शैया संख्या | ७९० | ९७४ | १,०३४ | २३.२९ | ६.१६ |

*स्रोत: जिल्ला स्वास्थ्य कार्यालय*

कैलाली जिल्लाको गेटामा मेडिकल कलेज निर्माणको अन्तिम चरणमा रहेको तथा नयाँ निजी अस्पतालहरु समेत खोल्ने क्रम बढेका कारण कैलाली, कञ्चनपुर लगायत सुदूरपश्चिम प्रदेशका पहाडी जिल्लाका मानिसहरुको स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि हुने अपेक्षा गर्न सकिन्छ । कोभिड १९ महामारीबाट सिर्जित कारणहरुले सरकारी तवरबाट नै विभिन्न स्वास्थ्य संस्थाहरुमा आई.सि.यु., भेन्टिलेटर लगायत विभिन्न अत्याधुनिक स्वास्थ्य सुविधाहरु थपिएका कारण भविष्यमा स्वास्थ्य सेवा थप प्रभावकारी हुने देखिन्छ ।

## ५.८ सेवा क्षेत्र कर्जा

२०७९ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरुले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जा २०७८ असार मसान्तको तुलनामा २५.८५ प्रतिशतले बढेर रु. १ खर्ब ८ अर्ब ५५ करोड ६५ लाख पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा ४७.६२ प्रतिशतले वृद्धि भएको थियो । कुल प्रवाहित कर्जामध्ये सेवा क्षेत्रमा गएको कर्जाको अंश ७२.६३ प्रतिशत रहेको छ । समीक्षा अवधिमा कुल सेवा क्षेत्र कर्जामध्ये थोक तथा खुद्रा विक्रेतासम्बन्धी व्यवसायमा ४४.७९ प्रतिशत, उपभोग्य कर्जामा २३.७८ प्रतिशत, अन्य व्यवसायमा प्रवाहित कर्जा १६.८९ प्रतिशत, पर्यटनमा ३.०६, यातायात भण्डारण र संचारमा २.८५ प्रतिशत, वित्त, बीमा तथा अचल सम्पतिमा २.२८ प्रतिशत, शिक्षा क्षेत्रमा २.०५ प्रतिशत, रियल स्टेटमा १.७८ प्रतिशत, अन्य सेवा व्यवसायमा १.४३ प्रतिशत र स्वास्थ्य र अन्य सामाजिक कार्यमा १.०९ प्रतिशत अंश रहेको छ ।

**चित्र १५ : सेवा क्षेत्र कर्जा प्रवाह (रु. करोडमा)**




*स्रोत: नेपाल राष्ट्र बैंक*

२०७९ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल सेवा क्षेत्र कर्जामध्ये कैलाली जिल्लाको अंश ६६.९४ प्रतिशत, कञ्चनपुर जिल्लाको अंश १९.४९ प्रतिशत, डडेलधुरा, डोटी, अछाम, दार्चुला, बझाङ, बैतडी, तथा बाजुरा जिल्लाको अंश क्रमशः ३.४१ प्रतिशत, २.३२ प्रतिशत, २.१० प्रतिशत, १.६३ प्रतिशत, १.६३ प्रतिशत, १.४३ प्रतिशत र १.०४ प्रतिशत रहेको छ ।

**तालिका १३ : सेवाक्षेत्र कर्जा प्रवाहको अवस्था**

| जिल्ला | सेवा क्षेत्र कर्जा (रु. करोडमा) | सेवा क्षेत्र कर्जा (हिस्सा) |
|---|---|---|
| दार्चुला | १७६.५३ | १.६३ |
| बैतडी | १५५.६९ | १.४३ |
| डडेलधुरा | ३७०.५२ | ३.४१ |
| कञ्चनपुर | २,११६.०२ | १९.४९ |
| बझाङ | १७७.३९ | १.६३ |
| बाजुरा | ११३.२० | १.०४ |
| डोटी | २५१.५६ | २.३२ |
| अछाम | २२७.४६ | २.१० |
| कैलाली | ७,२६७.२८ | ६६.९४ |
| **जम्मा** | **१०,८५५.६५** | **१००.००** |

*स्रोतः नेपाल राष्ट्र बैंक*

## ५.९ सुदूरपश्चिम प्रदेशको सरकारी वित्त स्थिति

आ.व. २०७८/७९ का लागि सुदूरपश्चिम सरकारले कुल रु.२० अर्ब ९७ करोड बजेट बिनियोजन गरेकोमा प्रदेश लेखा नियन्त्रक कार्यालयको विवरण अनुसार समीक्षा अवधिमा २० अर्ब ९० करोड खर्च भएको छ जुन कुल विनियोजनको ९९.५२ प्रतिशत हो । आ.व. २०७७/७८ मा बिनियोजन भएको बजेटको १०० प्रतिशत खर्च भएको थियो ।

आर्थिक वर्ष २०७८/७९ मा चालु खर्चतर्फ बिनियोजन भएको रु.९ अर्ब २ करोड मध्ये समीक्षा अवधिमा रु. ८ अर्ब ९२ करोड खर्च भएको छ जुन विनियोजन भएको चालु खर्चको ९८.८९ प्रतिशत हो । गत वर्षको सोही अवधिमा यस्तो खर्च १०० प्रतिशत रहेको थियो । त्यसैगरी, पुँजीगत खर्चतर्फ बिनियोजन भएको रु.११ अर्ब ९४ करोड ९७ लाख मध्ये रु.११ अर्ब ९४ करोड ८३ लाख खर्च भएको छ जुन विनियोजन भएको पुँजीगत खर्चको ९९.९८ प्रतिशत हो । गत वर्षको सोही अवधिमा समेत यस्तो खर्च १०० प्रतिशत रहेको थियो ।

सुदूरपश्चिम सरकारले आ. व. २०७८/७९ मा आन्तरिक स्रोत र राजश्व बाँडफाँड गरी कुल राजश्व रु. ९ अर्ब १४ करोड अनुमान गरेकोमा कुल रु. ११ अर्ब ९ करोड राजश्व परिचालन गरेको छ जुन कुल राजश्व अनुमानको १२१.३३ प्रतिशत हो ।

आ.व. २०७८/७९ मा सुदूरपश्चिम सरकारले संघीय सरकारबाट समानीकरण, सशर्त, विशेष र समपुरक गरी कुल रु.१४ अर्ब ६३ करोड अनुदान प्राप्त गर्ने अनुमान गरेकोमा समीक्षा अवधिसम्म कुल रु.९ अर्ब ७८ करोड अनुदान प्राप्त गरेको छ । प्राप्त भएको अनुदान रकममध्ये समानीकरण अनुदानको रकम रु.५ अर्ब १० करोड रहेको छ भने सशर्त अनुदानको रकम रु.३ अर्ब ९० करोड रहेको छ ।

**तालिका १४ : सुदूरपश्चिम सरकारको प्रगति विवरण**

| शिर्षक | आ.व. २०७७/७८ | | आ.व. २०७८/७९ | | प्रगति | |
|---|---|---|---|---|---|---|
| | बजेट | यर्थाथ | बजेट | यर्थाथ | २०७७/७८ | २०७८/७९ |
| **कुल खर्च (अर्बमा)** | २२.९७ | २२.९७ | २०.९७ | २०.९० | १००.०० | ९९.५२ |
| चालु खर्च (अर्बमा) | १०.३७ | १०.३७ | ९.०२ | ८.९२ | १००.०० | ९८.८९ |
| पूँजीगत खर्च (अर्बमा) | १२.६ | १२.६ | ११.९५ | ११.९५ | १००.०० | ९९.९८ |
| कुल राजश्व (अर्बमा) | ८.५३ | १२.५५ | ९.१४ | ११.०९ | १४७.१३ | १२१.३३ |
| अनुदान (अर्बमा) | १५.४ | १०.४१ | १४.६३ | ९.७८ | ६७.६० | ६६.८५ |

*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय ।*

## ५.१० स्थानिय तहहरुको बजेट कार्यान्वयनको स्थिति

आर्थिक वर्ष २०७८/७९ को अध्ययन प्रतिवेदनमा ५ वटा स्थानिय तहहरुको विनियोजित बजेट तथा बजेट कार्यान्वयनको अवस्थाको समेत अध्ययन गरी विश्लेषण गर्नुपर्ने निर्देशन बमोजिम यस प्रदेशमा रहेका ८८ वटा स्थानिय तहहरुमध्ये जनसंख्याको हिसावले सबैभन्दा बढी जनसंख्या रहेका ५ वटा स्थानिय तहहरु छनौट गरी अध्ययन गरिएको छ । सुदूरपश्चिम प्रदेशमा विनियोजित भएको बजेटको करीब ३२.६७ प्रतिशत हिस्सा छनौटमा परेका ५ वटा स्थानिय तहहरुमा विनियोजित बजेटको रहेको छ ।

उक्त स्थानिय तहहरुको विनियोजित बजेट तथा बजेट कार्यान्वयनको अवस्था देहायबमोजिम रहेको छ ।


आर्थिक वर्ष २०७८/७९ मा छनौटमा परेका स्थानिय तहहरुमा कुल ६ अर्ब ८५ करोड बजेट विनियोजन भएकोमा समीक्षा अवधिसम्ममा ५ अर्ब २३ करोड खर्च भएको छ। जुन कुल विनियोजित बजेटको ७६.३५ प्रतिशत हुन आउँछ । यस्तो बजेट गत आर्थिक वर्षमा ६ अर्ब ४७ करोड विनियोजन भएको थियो भने ५ अर्ब १५ करोड खर्च भएको थियो । जुन ७९.६० प्रतिशत हुन आउछ ।

**तालिका १५ : स्थानिय तहहरुमा भएको बजेट विनियोजन तथा कार्यान्वयनको अवस्था (रु. अर्बमा)**

| स्थानीय निकाय | आ.व.२०७७/७८ | | आ.व.२०७८/७९ | | प्रगति | |
|---|---|---|---|---|---|---|
| | बजेट | यथार्थ | बजेट | यथार्थ | २०७७/७८ | २०७८/७९ |
| धनगढी उपमहानगरपालिका | १.९३ | १.५१ | १.९६ | १.४५ | ७८.३३ | ७३.८५ |
| गोदावरी नगरपालिका | १.२१ | ०.८३ | १.२९ | ०.९७ | ६८.५३ | ७४.६७ |
| टिकापुर नगरपालिका | ०.९१ | ०.६६ | १.१० | ०.८३ | ७२.६१ | ७५.४१ |
| लम्कीचुहा नगरपालिका | १.०८ | ०.९५ | १.१९ | ०.८५ | ८७.९७ | ७१.८८ |
| भिमदत्त नगरपालिका | १.३४ | १.२० | १.३१ | १.१३ | ८९.५७ | ८५.८५ |
| **जम्मा** | **६.४७** | **५.१५** | **६.८५** | **५.२३** | **७९.६०** | **७६.३५** |

*स्रोत: सम्बन्धित स्थानिय तहहरु*

**चित्र १६ : आर्थिक वर्ष २०७८/७९ मा बजेट विनियोजन र कार्यान्वयनको अवस्था (रु. अर्बमा)**





*स्रोत: सम्बन्धित स्थानिय तहहरु*

**तालिका १६ : आ.व. २०७८/७९ मा बजेट विनियोजनको प्राथमिकता (रु. करोडमा)**

| स्थानीय निकाय | भौतिक पूर्वाधार | कृषि | उद्योग | पर्यटन |
|---|---|---|---|---|
| धनगढी उपमहानगरपालिका | २७.८३ | ३.४० | ०.४० | ०.१८ |
| गोदावरी नगरपालिका | १७.५४ | १.५७ | ०.४६ | ०.३२ |
| टिकापुर नगरपालिका | २५.८९ | १.३९ | ०.७० | ०.१६ |
| लम्कीचुहा नगरपालिका | २२.७८ | २.०८ | ०.२२ | २.५३ |
| भिमदत्त नगरपालिका | २९.४८ | ०.२५ | ०.११ | ०.७८ |

*स्रोत: सम्बन्धित स्थानिय तहहरु*

**चित्र १७ : बजेट विनियोजनको प्राथमिकता (रु. हजारमा)**




*स्रोत: सम्बन्धित स्थानिय तहहरु*

## ५.११ सेवा क्षेत्रको चुनौती र सम्भावना

**चुनौतीहरुः**

१. सुदूरपश्चिम प्रदेशको पर्यटन प्रवर्द्धनका लागि आवश्यक सडक पहुँच, यातायात सेवा, हवाई सेवा तथा होटल लगायतका पूर्वाधारहरु निर्माण गर्ने ।
२. सुदूरपश्चिम प्रदेशको विकासको मेरुदण्डको रुपमा रहेका धार्मिक, सांस्कृतिक, पुरातात्विक पर्यटकीय पूर्वाधारहरुको विकास तथा प्रवर्द्धनमार्फत आन्तरिक एवम् बाह्य पर्यटकको लागि आकर्षक गन्तव्यस्थल निर्माण गर्नु ।
३. प्राविधिक सीपयुक्त जनशक्ति स्वदेशमै उत्पादन गरी स्वरोजगार अभिवृद्धि गर्नु ।
४. वित्तीय सचेतना अभिवृद्धि गर्दै कर्जाको माग पक्ष सबल बनाउनुका साथै ईजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने कर्जा कृषि लगायत अन्य उत्पादनशील क्षेत्रहरुमा प्रभावकारी रुपमा प्रवाह गर्नु ।
५. भौगोलिक विकटताकाबीच छरिएर रहेका बस्ती तथा गाउँहरुमा सडक, स्वास्थ्य तथा शिक्षाका पूर्वाधारहरु विस्तार गर्दै सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा बढावा ल्याउने ।
६. सीप विकास कार्यक्रम, सामाजिक सुरक्षा, उद्योग तथा व्यापार विकासमार्फत स्वदेशमै रोजगारका अवसरहरु सिर्जना गरी कामको खोजीमा विदेश पलायन हुने प्रवृत्तिलाई निरुत्साहित गर्ने ।
७. पर्यटकस्तरीय होटल तथा होमस्टे व्यवसायको विकास गर्दै आन्तरिक तथा बाह्य पर्यटकहरुको बसाई अवधि बढाउनु ।
८. सार्वजनिक यातायात सेवा गुणस्तरीय बनाई सर्वसाधारणहरुको यात्रालाई सहज र कम जोखिमयुक्त बनाउनु ।
९. विश्वविद्यालय, क्याम्पस र विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गरी न्यून आय भएका सर्वसाधारणका बालबालिकाहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने ।

**सम्भावनाहरुः**

१. प्राय सबैजसो स्थानीय तहमा वाणिज्य बैंकका शाखा पुगिसकेको अवस्थामा बैंकिङ पहुँचमा वृद्धि भई स्थानीय स्तरमा रोजगारी तथा स्वरोजगारीका अवसरहरु सिर्जना हुन सक्ने ।
२. स्थानीय तथा प्रदेश सरकारबाट पर्यटन प्रवर्द्धनका लागि आवश्यक पूर्वाधार निर्माण एवम् प्रचार प्रसारका कार्यक्रमहरु सञ्चालनमा रहेकोले आन्तरिक एवम् बाह्य पर्यटकको आगमनमा वृद्धि भई प्रदेशको आर्थिक विकास एवम् रोजगारीमा टेवा पुग्न सक्ने ।
३. जनसंख्याको अनुपातमा कर्जा लगानी थोरैमात्र रहेकाले कर्जा लगानीमा वृद्धि गरी आर्थिक गतिविधि तथा रोजगारीका अवसरहरु बढाउन सकिने ।
४. सुदूरपश्चिम विश्वविद्यालय तथा गेटा मेडिकल कलेजको स्थापनाबाट गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवा उपलब्ध हुनुका साथै यी पूर्वाधारहरुको सञ्चालनले आसपासका क्षेत्रमा आर्थिक गतिविधि विस्तार हुन सक्ने ।

५. सुदूरपश्चिम प्रदेश सरकारले प्रसूति केन्द्र, शहरी स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य इकाई भवनहरुको निर्माण प्रक्रिया सुरु गरेको तथा सबै जिल्लाहरुमा स्वास्थ्य बीमा कार्यक्रम, “एक विद्यालय, एक नर्स कार्यक्रम”, ग्रामीण अल्ट्रासाउण्ड जस्ता कार्यक्रम सञ्चालन गरेकाले स्वास्थ्य सेवाको गुणस्तरमा सुधार आउने ।
६. स्थानीय तहमार्फत विकट तथा छरिएका वस्तीहरुमा समेत सडक सञ्जाल लगायत अन्य पूर्वाधारहरुको विस्तारका साथै स्थानीयस्तरमा रोजगारी सिर्जना गर्न सकिने ।
७. यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुको कर्जा लगानी न्यून रहेकोले उत्पादनशील क्षेत्रमा कर्जा लगानी वृद्धि गरी आर्थिक गतिविधि तथा रोजगारीका अवसरहरु बढाउन सकिने ।
८. यस प्रदेशमा सञ्चार तथा सूचना प्रविधिको क्षेत्रमा समेत उल्लेख्य विकास भएकाले आधुनिक प्रविधिको प्रयोगमार्फत सेवा क्षेत्रलाई थप चलायमान बनाउन सकिने ।
९. सुदूरपश्चिमका सातदेवीहरू डिलासैनी, निङ्लासैनी, मेलौली, शैलेश्वरी, बडिमालिका, उग्रतारा र त्रिपुरासुन्दरीलाई धार्मिक सर्किटको रूपमा प्रवर्द्धन गर्न सकिने ।
१०. धनगढी विमानस्थललाई स्तरोन्नती गरी क्षेत्रीय विमानस्थलको रूपमा विकास गर्न सकिने ।

## बक्स ६ : नमूनाको रुपमा छनौट गरिएका सहकारीहरुको अध्ययन


भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, सहकारी विभागको सहकारी भ्रलक, २०७७ को तथ्याङ्क बमोजिम यस प्रदेशमा रहेका २,०६० सहकारीहरुमध्ये नमूनाको रुपमा छनौट गरिएका १० वटा सहकारीहरुको विस्तृत रुपमा अध्ययन गर्दा देहायबमोजिमको अवस्था रहेको पाइयो ।

| विवरण | आ.व.२०७६/७७ (असार मसान्त) | आ.व.२०७७/७८ (असार मसान्त) | आ.व.२०७८/७९ (असार मसान्त) | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| कुल पुँजी (रु. दश लाखमा) | ४९३.४६ | ६४४.२८ | ८४३.५० | ३०.५६ | ३०.९२ |
| कुल बचत (रु. दश लाखमा) | ३,७७०.५८ | ४,५९८.०९ | ४,५२५.६२ | २१.९५ | -१.५८ |
| कुल ऋण (रु. दश लाखमा) | ३,३११.९६ | ३,७०४.१९ | ४,४२३.१३ | ११.८४ | १९.४१ |
| सदस्य संख्या | ३२,५३३ | ३७,२०६ | ४५,११८ | १४.३६ | २१.२७ |
| कर्मचारी संख्या | १६३ | १७६ | १७९ | ७.९८ | १.७० |
| संस्था संख्या | १० | १० | १० | | |

*स्रोत : जिल्लास्थित सम्बन्धित सहकारीहरु ।*

समीक्षा अवधिमा नमूना छनौटमा परेका  १० वटा सहकारीहरुले संकलन गरेको कुल पुँजी गत वर्षको तुलनामा ३०.९२ प्रतिशतले वृद्धि भई रु.८ अर्व ४३ करोड ५० लाख पुगेको छ । गत वर्ष यस्तो पूँजी ३०.५६ प्रतिशतले वृद्धि भई रु.६अर्व,४४ करोड२८ लाख पुगेको थियो । यसैगरि कुल निक्षेप गत वर्षको तुलनामा १.५८ प्रतिशतले घटन् गई रु.४५ अर्व २५ करोड ६२ लाख पुगेको छ । गत वर्ष यस्तो निक्षेप २१.९५ प्रतिशतले वृद्धि भई रु.४५ अर्व, ९८ करोड ९ लाख पुगेको थियो । यसैगरी समीक्षा वर्षमा नमूना छनौटमा परेका १० वटा सहकारीहरुले प्रवाह गरेको कर्जा गत वर्षको तुलनामा १९.४१ प्रतिशतले वृद्धि भई रु.४४ अर्व २३ करोड १३ लाख पुगेको छ । गत वर्ष यस्तो कर्जा ११.८४ प्रतिशतले वृद्धि भई ३७ अर्व ०४ करोड १९ लाख पुगेको थियो ।

समीक्षा वर्षमा छनौट गरिएका सहकारी संस्थाका सदस्यहरुको संख्या २१.२७ प्रतिशत र सहकारी संस्थामा काम गर्ने कमचारीको संख्या १.७ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो आर्थिक वर्ष सदस्य संख्या १४.३६ प्रतिशत र कर्मचारी संख्या ७.९८ प्रतिशतले वृद्धि भएको थियो ।




**नोट :** सहकारी छनौट गर्दा अध्ययन क्षेत्रका प्रत्येक जिल्लाबाट १ वटाका दरले हुने गरी जम्मा ९ वटा तथा कैलाली जिल्लाबाट थप १ गरी जम्मा १० वटा सहकारी छनौट गरिएको छ ।

*स्रोत: जिल्लास्थित सम्बन्धित सहकारीहरु ।*

# परिच्छेद ६

# पूर्वाधार र रोजगारी

## ६.१ पूर्वाधार क्षेत्र

२०७८ फागुनसम्ममा राष्ट्रिय रुपमा विद्युत् पहुँच पुगेको जनसंख्या ९४.०० प्रतिशत रहेको छ भने सुदूरपश्चिम प्रदेशमा ७१.०७ प्रतिशत रहेको छ त्यसैगरी, सोही अवधिसम्ममा कुल राष्ट्रिय विद्युत् उत्पादन २ हजार २३ मेगावाट रहेको छ भने सुदूरपश्चिम प्रदेशमा ५२ मेगावाट विद्युत् उत्पादन भएको छ।

आर्थिक वर्ष २०७८/७९ को फागुन मसान्तसम्ममा स्थानियस्तरबाट राष्ट्रिय स्तरमा ६४ हजार ६ सय १७ किलोमिटर सडक निर्माण भएकोमा सोमध्ये कच्ची, ग्राभेल र कालोपत्रे सडक क्रमशः ४६ हजार ४ सय ४१, १३ हजार ६ सय २९ र ४ हजार ५ सय ४७ किलोमिटर रहेको छ। सोही अवधिसम्ममा सुदूरपश्चिम प्रदेशमा ५ हजार ४ सय ७५ किलोमिटर सडक निर्माण भएकोमा कच्ची, ग्राभेल र कालोपत्रे सडकको अंश क्रमशः ४ हजार ५७, १ हजार १ सय ९६ र २ सय २२ किलोमिटर रहेको छ। *(स्रोतः आर्थिक सर्वेक्षण २०७८/७९)*

कैलालीको **गेटा विमानस्थलको** स्तरोन्नती तथा यस प्रदेशका अन्य जिल्लामा रहेका विमानस्थलको पुर्ननिर्माणको काम भइरहेको, कुल रु.२७ अर्ब ७० करोडको लागतमा राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको **रानी जमरा कुलरिया आयोजनाको २०७९ असार मसान्तसम्मको भौतिक प्रगति ५८.७६ रहेको,** रु. १ अर्ब ८३ करोडको लागत रहेको धनगढीको **मोहना पुलदेखि अत्तरिया चोकसम्मको** १४ दशमलव २ किलोमिटर लम्बाईको ६ लेन सडक आयोजनाको हालसम्मको भौतिक प्रगति करीब ९७ प्रतिशत भएको र ५१ दशमलव ८ हेक्टर क्षेत्रमा फैलिएको करीब ८.११ अर्ब बराबरको लागतमा निर्माण भइरहेको **गेटा मेडिकल कलेज** लगायतका पूर्वाधारहरुको निर्माण कार्य अन्तिम चरणमा रहेको (भौतिक प्रगति २०७९ असार मसान्तसम्ममा ८० प्रतिशत तथा वित्तीय प्रगति ७५ प्रतिशत) छ।

**महाकाली नदीमा** निर्माणाधीन २३.४ मिटर चौडाई तथा ८०० मिटर लम्बाई भएको भएको ४ लेनको पक्की पुलको निर्माणकार्य सम्पन्न भैसकेको छ। पुल निर्माणसँगै पुलको पहुँच मार्ग (गडड्ाचौकीसम्म जोड्ने ६ किलोमिटर सडक कालोपत्रे भईसकेको छ। दोधाराचाँदनी नगरपालिकाको चाँदनीतर्फ १.५ किलोमिटर ४ लेनको सडक निर्माण कार्य अन्तिम चरणमा रहेको छ)। अहिले पुलबाट अस्थायी रुपमा दोधाराचाँदनी आवतजावत भैरहेको छ जसले गर्दा दोधारा-चाँदनीका बासिन्दाहरुलाई भारतीय बाटो भएर महेन्द्रनगर आउने बाध्यता हटेको छ। उक्त क्षेत्रमा उत्पादन हुने प्रचुर सम्भावना रहेको तरकारी लगायतका अन्य स्थानीय उत्पादनलाई बजारीकरण गर्न समेत सहयोग पुग्ने देखिन्छ।

सुदूरपश्चिम प्रदेश सरकारले सबै ९ जिल्लामा एक/एकवटा सडक आयोजनाहरु छनौट गरी **प्रदेश गौरवका सडक** आयोजनाको रुपमा निर्माण कार्य शुरु गरेको छ। यसबाट यस प्रदेशमा महत्वपूर्ण भौतिक पूर्वाधार निर्माण भई निजी क्षेत्रलाई आर्थिक विकासमा पछाडी परेका जिल्ला तथा क्षेत्रहरुमा लगानीका लागि प्रोत्साहित गरी रोजगारी प्रवर्द्धन गर्नमा सहयोग पुग्ने देखिन्छ।

यस प्रदेशको दार्चुला जिल्लामा अपि पावर कम्पनीको ८.५ मेगावाटको नौगाड जलविद्युत आयोजना, ८ मेगावाटको अपर नौगाड साना जलविद्युत आयोजना तथा ४० मेगावाटको अपर चमेलिया जलविद्युत आयोजना निर्माणको चरणमा रहेका छन। यसका साथै निजी लगानीमा निर्माणाधीन बझाङ जिल्लामा रहेको कालंगा नदीबाट कुल ३ वटा परियोजनामार्फत करीब ७० मेगावाट विद्युत उत्पादन हुने क्रममा रहेको छ।

यस प्रदेशमा रहेका महाकाली, सेती, चमेलिया, बुढीगंगा, कालंगा लगायतका नदीहरुबाट प्रशस्त मात्रामा जलविद्युत उत्पादन गर्न सकिने सम्भावना रहेका छ। चमेलिया नदीबाट ३० मेगावाट जलविद्युत उत्पादन भैरहेको छ। महाकाली नदीमा निर्माण हुने पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाबाट करीब ५,०४० मेगावाट तथा पश्चिम सेती जलविद्युत आयोजनाबाट ७५० मेगावाट विद्युत उत्पादन हुने अनुमान गरिएको छ। यी आयोजनाहरु बन्न सकेमा समग्र सुदूरपश्चिम

प्रदेश लगायत देशभरिमा रहेको विद्युत समस्या समाधान हुनुका साथै विद्युत निर्यात गरी विदेशी मुद्रा आर्जन गर्न सकिने सम्भावना रहेको छ । आन्तरिक पर्यटन, सिँचाई, स्वास्थ्य पूर्वाधार लगायतमा उल्लेख्य सुधार भई यस क्षेत्रको आर्थिक गतिविधिमा सहयोग पुग्ने देखिन्छ ।

## ६.२ वैदेशिक रोजगारी

आर्थिक वर्ष २०७८/७९ को असार मसान्तसम्ममा यस प्रदेशबाट १४ हजार ७ सय ९९ जना पुरुष तथा ५ सय ५७ जना महिला गरी जम्मा १५ हजार ३ सय ५६ जनाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएको देखिन्छ । जुन समग्र देशभरिबाट श्रम स्वीकृति लिने संख्याको झण्डै २.४३ प्रतिशत हुन आँउदछ । *(स्रोत: मासिक विवरणहरु, वैदेशिक रोजगार विभाग २०७९ असार मसान्तसम्म)*

**आन्तरिक रोजगारी :** आर्थिक वर्ष २०७८/७९ असार मसान्तसम्ममा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सुदूरपश्चिम प्रदेशमा १८,७४३ जना लाभान्वित भएका छन । रोजगारीमा खटिएकामध्ये सबैभन्दा बढी बाजुरा जिल्लामा ६,१९१ जना लाभान्वित भएका छन भने कञ्चनपुर जिल्लामा सबैभन्दा कम १,९२३ जना लाभान्वित भएका छन । *(स्रोत: प्रधानमन्त्री रोजगार कार्यक्रम)*

**तालिका १७ : प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सृजित रोजगारीको अवस्था**


| जिल्ला | सूचीकृत बेरोजगार व्यक्तिको संख्या | घरधुरी संख्या | कुल रोजगारी प्रदान गरिएको दिन | कुल आयोजना संख्या | रोजगारीमा खटिएकाको संख्या |
|---|---|---|---|---|---|
| बाजुरा | २७,३४६ | २५,११० | ५४५,२१४ | ४५१ | ५,६२७ |
| बझाङ | १३,९२९ | १३,२६३ | २८६,६०० | ४१९ | ३,०७८ |
| दार्चुला | १४,९९६ | १३,३५८ | २७०,४९३ | ४०८ | ३,२८८ |
| बैतडी | २२,२८५ | २०,८४३ | ३९७,७०४ | ४८६ | ६,१९१ |
| डडेलधुरा | १९,९६३ | १७,८८८ | २७५,५३८ | ६६५ | ३,६८१ |
| डोटी | १२,४४५ | १२,२२० | २४१,३६६ | २७० | २,६४८ |
| अछाम | १९,१६१ | १८,१३४ | ३७८,०२४ | ३८४ | ३,८५१ |
| कैलाली | २४,७४० | २३,७९८ | ३५७,६९४ | ३८२ | ४,७९३ |
| कञ्चनपुर | ७,०५९ | ६,८४८ | ९२,२९२ | १५० | १,९२३ |
| **जम्मा** | **१६१,९२४** | **१५१,४६२** | **२,८४४,९२५** | **३,६१५** | **३५,०८०** |

*(स्रोत: प्रधानमन्त्री रोजगार कार्यक्रम)*

## ६.३ प्रत्यक्ष वैदेशिक लगानी

आर्थिक वर्ष २०७७/७८ को अन्त्यसम्ममा सुदूरपश्चिम प्रदेशमा वैदेशिक लगानी रु. २ अर्ब ४९ करोड ६० लाख प्रस्ताव गरिएका ६२ वटा परियोजनाको जम्मा लागत रु. ४ अर्ब ८० करोड रहेको छ जसमा प्रस्तावित वैदेशिक लगानीको अंश ५२ प्रतिशत रहेको छ ।

**चित्र १८ : आर्थिक बर्ष २०७७/७८ सम्म जिल्लागत रुपमा वैदेशिक लगानी रहेका परियोजनाको संख्या**




*स्रोत: औद्योगिक तथ्याङ्क (२०७७/७८)*

जिल्लागत रुपमा कञ्चनपुरमा सबैभन्दा बढी २३, कैलालीमा १९, बैतडीमा ८, अछाममा ४, दार्चुला र डडेल्धुरामा ३/३ र डोटी र बझाङमा १/१ परियोजनामा वैदेशिक लगानी प्रस्ताव गरिएको छ। परियोजना लागतका हिसावले कैलालीमा सबैभन्दा बढी रु. २ अर्ब ९८ करोड र सबैभन्दा कम डोटीमा रु.१ करोड वैदेशिक लगानी रहेको छ। (*Industrial Statistics 2077-78, उद्योग विभाग ) ।*

आर्थिक वर्ष २०७८/७९ को फागुनसम्ममा राष्ट्रिय रुपमा विदेशी लगानी स्वीकृति पाएका उद्योगहरुको संख्या ५ हजार ३ सय ८५ रहेको छ भने सुदूरपश्चिम प्रदेशमा यस्ता उद्योगहरुको संख्या ५० रहेको छ। आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म विदेशी लगानी स्वीकृति पाएका उद्योग सबैभन्दा बढी (८२ प्रतिशत) बागमती प्रदेशमा र सबैभन्दा कम (०.९ प्रतिशत) सुदूरपश्चिम प्रदेशमा रहेको छ *(स्रोत: आर्थिक सर्वेक्षण २०७८/७९)।*

## ६.४ पूर्वाधार तथा रोजगारी क्षेत्रका चुनौती र सम्भावना

**चुनौतीहरुः**

१. यस प्रदेशका उद्योगहरु भारतीय दक्ष कामदारमा निर्भर रहेकोले स्वदेशी कामदारको दक्षता अभिवृद्धि गरी भारतीय कामदारलाई विस्थापित गर्ने कार्य चुनौतीपूर्ण देखिन्छ।
२. वैदेशिक रोजगारीको लागि भारतमा निर्भर रहेकोले बढी आम्दानी हुने मुलुकहरुमा आकर्षित गर्नु चुनौतीपूर्ण रहेको।
३. भौगोलिक रुपमा विकट पहाडी तथा हिमाली जिल्लाहरुमा दिगो पूर्वाधार निर्माण गर्ने।
४. विकास निर्माणका निर्माणाधिन पूर्वाधारहरु निर्धारित समयमै सम्पन्न गर्ने।
५. भौतिक पूर्वाधार विकास निर्माण गर्दा वातावरणीय पक्षलाई नकारात्मक असर नपर्ने गरी सम्पादन गर्ने।
६. पूर्वाधार निर्माण सम्बन्धमा भएका कार्यहरुको अभिलेख व्यवस्थित गर्दै स्थानिय आवश्यकता अनुसारका विकास निर्माणका योजना बनाउनु।
७. रणनैतिक महत्वका आयोजना तथा कार्यक्रम सञ्चालनका लागि आवश्यक समन्वय एवं राजनैतिक सहमति जुटाएर पर्याप्त बजेट विनियोजन गरी निर्माण कार्य अघि बढाउने।
८. ठूला विकास निर्माणका आयोजना सञ्चालनका लागि आवश्यक आर्थिक तथा प्राविधिक स्रोत साधनको व्यवस्थापन गर्नु।

**सम्भावनाहरुः**

१. हिमाली जिल्लाहरुबाट संकलन गरिने यार्सागुम्बा लगायतका जडिबुटीलाई संकलन गरी प्रशोधन केन्द्रहरु स्थापना गर्न सकेमा मौसमी रोजगारीलाई वर्षभरि हुने गरी रुपान्तरण गर्न सकिने।
२. यस प्रदेशमा उत्पादनमुलुक उद्योगको संख्यामा वृद्धि हुन सकेमा रोजगारीको लागि भारत जाने बाध्यता हट्ने सम्भावना रहेको।
३. यस प्रदेशमा रहेका सेती, कर्णाली, बुढीगंगा, चमेलिया तथा महाकाली जस्ता नदीहरुबाट जलविद्युत उत्पादन गर्न सकिने सम्भावनाका साथै पूर्वाधारमा विस्तार गरी कृषिजन्य वस्तुहरुको उत्पादन तथा उत्पादकत्व बढाउन सकिने सम्भावना रहेको।
४. उत्तर दक्षिण करिडोरका रुपमा रहेका महाकाली लोकमार्ग, सेती लोकमार्ग, खुटिया-दिपायल-चैनपुर-उरै लोकमार्गको निर्माण पश्चात सहज यातायात सम्पर्कका कारण व्यवसायिक लागत घट्न गई प्रतिस्पर्धात्मक क्षमता बढ्न सक्ने। साथै, सहजपुर-बोगटान-दिपायल सडकको ट्रयाक खोल्ने काम सकिएको तथा महाकाली करिडोरको रुपमा रहेको ब्रह्मदेव-तिंकर सडकको समेत ट्रयाक खोल्ने काम भईरहेकोले यस क्षेत्रमा बसोबास गर्ने जनताहरुलाई यातायातको सुविधामा पहुँच हुनुका साथै, स्थानीय उत्पादनलाई बजारीकरण गर्न समेत सहज भई आर्थिक गतिविधि बढ्ने सम्भावना रहेको।

५. प्रदेश सरकारले प्रत्येक जिल्लामा एउटा पर्ने गरी कुल ९ वटा महत्वपूर्ण सडक योजनालाई प्रदेश गौरवका आयोजनाका रुपमा छनौट गरी निर्माण कार्य अगाडि बढाइएकाले ग्रामीण तथा पहाडी भेगमा सडक पूर्वाधार तयार भई उत्पादनको बजारीकरणमा सहयोग पुग्नुको साथै स्थानीय कृषिजन्य उपजहरुको उत्पादन लागत घट्न गई प्रतिस्पर्धात्मक क्षमता बढ्ने तथा रोजगारी एवं व्यापार बृद्धिमा समेत सकारात्मक प्रभाव पर्न जाने देखिएको ।
६. योजना तथा कार्यक्रमहरुको स्थानीय स्तरबाटै प्रभावकारी रुपमा निरीक्षण तथा अनुगमन गर्ने संयन्त्र विकास गर्न सकेमा तोकिएकै समयमा निर्माण कार्य सम्पन्न हुने र निर्माण कार्यको गुणस्तरमा पनि सुधार हुने ।

## बक्स ७ : कालंगा जलविद्युत आयोजना



सुदूरपश्चिम प्रदेशस्थित बझाङ्ग जिल्लाको बुंगल नगरपालिकामा अवस्थित कालंगा नदीमा निजी क्षेत्रको लगानीबाट कुल ३ वटा परियोजनाहरुमार्फत निर्माण भईरहेको करीब ६५ मेगावाट क्षमताको जलविद्युत आयोजना प्रदेशकै सबैभन्दा ठूलो जलविद्युत आयोजना हो । यस अन्तर्गत रहेका ३ वटा परियोजनाहरु देहायबमोजिम रहेका छन ।

| क्र.सं. | हाईड्रोपावर | आयोजनाको नाम | विद्युत उत्पादन क्षमता (मे.वा.) |
|---|---|---|---|
| १. | सान्निगाड हाईड्रोपावर लि. | माथिल्लो कालंगा जलविद्युत आयोजना | ३८.४६ |
| २. | कालंगा हाईड्रोपावर लि. | कालंगा गाड जलविद्युत आयोजना | १५.३३ |
| ३. | बुंगल हाईड्रोपावर लि. | माथिल्लो सान्निगाड जलविद्युत आयोजना | १०.७० |
| **जम्मा** | | | **६४.४९** |

सन् २०१७ देखि निर्माण कार्य शुरु गरिएको यस आयोजना २०२० भित्र सम्पन्न गर्ने लक्ष्य लिईएकोमा कोरोना महामारीको प्रभाव, भौगोलिक विकटता, बनसम्बन्धी कानून, झन्झटिलो प्रशासनिक प्रक्रियाका कारण लक्षित समयमै सम्पन्न गर्न नसकिएको देखिन्छ ।

कुल अनुमानित लागत १० अर्ब ५० करोड रहेको यस आयोजनामा सम्पूर्ण लगानी निजी क्षेत्रको रहेको छ । बैंकहरुले ७५ प्रतिशत, स्थानीयका लागि १० प्रतिशत र प्रतिष्ठित व्यापारीको १५ प्रतिशत लगानीमा निर्माण भईरहेको यस आयोजनामा करिब १५०० जना कार्यरत छन् । यस आयोजनामा ३८.४६ मेगावाट क्षमता, ८.७ कि.मि.सुरुङ्ग को माथिल्लो कालंगागाड, १५.३३ मेगावाट क्षमता, ३.४ कि.मि. सुरुङ्गको कालंगागाड र १०.७ मेगावाट क्षमता, २.९ कि.मि. सुरुङ्गको माथिल्लो सान्नीगाड गरी तिनवटा आयोजना छन् । जसमध्ये १५.३३ मेगावाट क्षमता भएको कालंगागाड आयोजना सम्पन्न भई राष्ट्रिय प्रशारण लाईनमा जडान भैसकेको छ भने माथिल्लो कालंगा गाड जलविद्युत आयोजना ३८.४६ मे.वा.को करीब ९९ प्रतिशत काम सम्पन्न भैसकेको छ भने १०.७० मे.वा क्षमता रहेको सान्निगाड जलविद्युत आयोजनाको करीब ८५ प्रतिशत काम सम्पन्न भैसकेको छ ।

यस आयोजनाले प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा प्रभावित क्षेत्रमा बाटोघाटो, खानेपानी, विद्यालय भवन, सिँचाई कुलो निर्माण लगायतका पूर्वाधारहरुको निर्माण गरि सामाजिक उत्तरदायित्वको भूमिका समेत निर्वाह गर्ने गरेको छ । यसका साथै आयोजनामा स्थानीयहरुलाई रोजगारी समेत प्रदान गरेको छ ।

आयोजना निर्माण कार्य शुरु भएपश्चात उक्त क्षेत्रमा यातायातको पहुँच बढेको छ । समयमै आयोजना सम्पन्न हुन सकेमा विद्युत पहुँचमा वृद्धि हुने, स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरु सञ्चालन गरी रोजगारीका अवसरहरु सृजना भई समग्र प्रदेशको आर्थिक विकास हुने सम्भावना रहेको छ । यसका साथै आयोजना निर्माणपश्चात बर्षेनी नदीले गर्ने कटान धेरै हदसम्म नियन्त्रण हुने देखिन्छ ।

*स्रोतः कालंगा जलविद्युत आयोजना, बुगंल न.पा.-५ बझाङ*

## बक्स ८ : अपि नाम्पा संरक्षण क्षेत्र

सुदूरपश्चिम प्रदेशको दार्चुला जिल्लामा अवस्थित अपि नाम्पा संरक्षण क्षेत्र वि.सं. २०६७ सालमा स्थापना भएको हो । समुन्द्री सतहबाट ५३८ मिटर देखि ७१३२ मिटरसम्म उचाईसम्म फैलिएको यस क्षेत्रले १९०३ वर्ग कि.मी. क्षेत्रफल ओगटेको छ । यस क्षेत्रको प्रमुख हिमालहरुमा अपी हिमाल (७१३२ मि.), नाम्पा हिमाल (६७५७ मि.) र व्यास हिमाल (६६७० मि.) रहेका छन् । संरक्षण क्षेत्रको कार्यक्षेत्रमा आंशिक र सम्पूर्ण भू-भाग गरी व्यास गाँउपालिका, दुहु गाँउपालिका, अपिहिमाल गाँउपालिका, मार्मा गाँउपालिका, नौगाड गाँउपालिका र महाकाली नगरपालिकाको कुल ३१ वडाहरु पर्दछन् । अपि नाम्पा संरक्षण क्षेत्रको १९०३ वर्ग कि.मी. क्षेत्रफल मध्ये वन क्षेत्र ५६५.१ वर्ग कि.मी., चरन क्षेत्र ४३७.९ वर्ग कि.मी., बुट्यान क्षेत्र ११५.४१ वर्ग कि.मी., पानी र हिउपहिरोले ढाकेको क्षेत्र २५७.१ वर्ग कि.मी., वनस्पति विहीन क्षेत्र ४३४.५५ वर्ग कि.मी. र खेतीयोग्य जमिन र बसोवास क्षेत्र ९२.९६ वर्ग कि.मी. रहेको छ ।

अपि नाम्पा संरक्षण क्षेत्रको संरक्षण सम्बन्धी कार्यक्रमको माध्यमबाट स्थानीय जनताको जीवनस्तर माथि उकास्दै गरीबी निवारणमा टेवा पुऱ्याउने र प्राकृतिक तथा सामाजिक सम्पदाहरुको संरक्षण, व्यवस्थापन तथा दिगो उपयोगका लागि वैज्ञानिक अनुसन्धान गर्ने उद्देश्य रहेको छ । विभिन्न समुदायहरुको ८,९८९ घरधुरीका करीब ५९,६०९ जनाको बसोवास रहेको छ । यस क्षेत्रका वासिन्दाहरुको मुख्य पेशा कृषि, पशुपालन र भोटतिरको व्यापार रहेको छ ।

यस क्षेत्रमा २५ प्रकारका स्तनधारी जनावरहरु, २४३ प्रजाति भन्दा बढी प्रकारका चराको प्रजातिहरु, ३५ प्रकारका माछाहरु र ७५ प्रकारका जडीबुटीहरु पाईन्छन् । संरक्षण क्षेत्रभित्र **बहुमूल्य यार्सागुम्बा, सतुवा, गुच्ची च्याउ, साधारण च्याउ, वनलसुन, अल्लो, जटामसी, चिराईतो, सुगन्धवाल, टिमुर, रिठ्ठा, तेजपात, दालचिनी, पाषणवेद, अमला, कुटकी आदि जडीबुटीहरु र ग्रेनाईट, पेगमेटाईट, फाईजाईट र क्वारजाईट जस्ता बहुमूल्य चट्टानह**रु पनि रहेका छन् । यस क्षेत्रको जल भण्डारको स्रोतको रुपमा महाकाली नदी र चमेलिया नदी रहेको छ ।

अपि नाम्पा संरक्षण क्षेत्र भित्र अपि वेश क्याम्प, व्यास भ्याली, शिद्ध टोपी, अपि हिमाल गाँउपालिकाको खण्डेश्वरी मकरीकोट लगायतका पर्यटकिय क्षेत्रहरु रहेका छन् । आर्थिक वर्ष २०७३/७४ देखि २०७९ असारसम्म संरक्षण क्षेत्रमा भ्रमण गर्ने स्वदेशी तथा विदेशी पर्यटकहरुको संख्या १५७ रहेको छ । अपि नाम्पा संरक्षण क्षेत्र स्थापना भएको आर्थिक वर्ष २०६७/६८ मा रु. ५,६१,९८० राजश्व संकलन भएकोमा आर्थिक वर्ष २०७८/७९ मा रु. २,५०,०४,३५० संकलन भएको छ। आर्थिक वर्ष २०७८/७९ मा विभिन्न किसिमका १७ वटा जडिबुटीहरुको निकासीबाट रु. २,२२,४७,७९० रकम संकलन भएको थियो ।

यो क्षेत्र अनुपम प्राकृतिक सुन्दरताको धनी भएतापनि भौगोलिक विकटताको कारण पर्यटकहरु यहाँको सुन्दरतासँग परिचित हुन सकेका छैनन् । अपि वेश क्याम्प तथा यस क्षेत्रमा रहेका हिमश्रृखलाहरुको अवलोकन गर्न र पदयात्रा गर्ने पर्यटकहरुको संख्या दिनानुदिन बढ्दै गईरहेको छ । भौगोलिक विकटता रहेको अपि नाम्पा संरक्षण क्षेत्रमा सहज यातायात, पदयात्रा गर्न सहज बाटोघाटोको सुविधा तथा पर्यटकस्तरिय होटल/होमस्टेको स्थापना लगायतका अन्य आवश्यक पूर्वाधारहरुको स्थापना गरी प्रचार प्रसार गर्न सकेमा स्वदेशी तथा विदेशी पर्यटकहरुको आगमनमा वृद्धि भई आर्थिक गतिविधिहरु बढ्न सक्ने अपेक्षा गर्न सकिन्छ । यस सम्बन्धी तथ्याङ्किय विवरण अनुसूची ३ मा देखाईएको छ ।

*स्रोतः अपि नाम्पा संरक्षण क्षेत्र ।*

# परिच्छेद ७

## आर्थिक परिदृष्य

चालु आर्थिक वर्षमा आर्थिक क्रियाकलापहरु विस्तारै चलायमान हुन थालेकोले समग्र आर्थिक परिदृष्यमा सुधार हुँदै जाने देखिन्छ ।

### ७.१ कृषि उत्पादन

रासायनिक मलको अभाव भएतापनि सिंचाईको क्षेत्रफलमा विस्तार, साना सिंचाई योजनाहरुको निर्माण तथा पुराना कुलोहरुको मर्मतसम्भार, ९९ प्रतिशत रोपाई, उन्नत तथा वर्णशंकर जातका धानका बिउ प्रयोग तथा कृषिमा यान्त्रिकीकरण र आधुनिकीकरणले गर्दा धानको उत्पादनमा सामान्य वृद्धि (करीब २ प्रतिशत) हुने देखिन्छ ।

नेपाल सरकारबाट मकै ब्लकको स्थापना र मकै बिउ उत्पादन सम्बन्धी कार्यक्रम संचालन गरिएको, दार्चुला तथा बैतडी जिल्लामा मकैजोन कार्यक्रम सञ्चालन भएको, कृषकहरुले उन्नत जातका बिउको प्रयोग गर्ने गरेको र मकै खेतीको क्षेत्रफल विस्तार भएको हुँदा मकैको उत्पादनमा करिब ५ प्रतिशत वृद्धि हुने देखिन्छ ।

सिंचाईको क्षेत्रफलमा विस्तार, गहुँ सुपरजोन/जोनको स्थापना र उन्नत जातको बिउ प्रयोगले गहुँको उत्पादनमा २ प्रतिशत वृद्धि हुने देखिन्छ । तथापि, बाली पाक्दा सिन्दुरे रोगको प्रकोपले उत्पादन ह्रास हुने भएकाले सामान्य बृद्धि हुने देखिन्छ ।

रैथाने बाली प्रवर्द्धन कार्यक्रम सञ्चालन हुनुका साथै सो सम्बन्धी जनचेतनामा वृद्धि भएकाले कोदोको उत्पादन २ प्रतिशतले वृद्धि हुने देखिन्छ ।

मौसमी प्रतिकुलताले (कुनै स्थानहरुमा बढी पानी र कुनै स्थानहरुमा कम पानी पर्नाले) दलहनको उत्पादन यथास्थिति रहने देखिन्छ ।

तरकारी खेतीमा कृषकहरुको आकर्षण, अन्य बालीभन्दा तरकारीको माग र मूल्य उच्च रहेको, सिंचाई सुविधामा विस्तार, उन्नत तथा वर्णशंकर जातका बिउ प्रयोग, वैदेशिक रोजगारबाट फर्केका युवाहरुको व्यवसायिक तरकारी खेतीमा संलग्नता र सरकारबाट उत्पादनमा आधारित विभिन्न किसीमका अनुदान कार्यक्रम सञ्चालन गरिएको हुँदा तरकारीको उत्पादनमा ५ प्रतिशत वृद्धि हुने देखिन्छ ।

यस प्रदेशको स्याउ र ओखरको सम्भावना भएको जिल्लाहरुमा स्याउ र ओखर खेतीमा कृषकहरुको आकर्षण र लगानीमा वृद्धि, फलफूल सुपरजोन/जोन/ब्लकहरुको स्थापना, उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन, कृषि ज्ञान केन्द्रहरुको फलफूल खेतीमा प्राविधिक सहयोग र फलफूल खेतीको क्षेत्र विस्तार भएकोले आगामी दिनमा फलफूलको उत्पादन ५ प्रतिशत वृद्धि हुने देखिन्छ ।

यस प्रदेशको शहरी क्षेत्रमा दूधको माग बढिरहेको, नेपाल सरकारका सम्बन्धित निकायहरुले गोठ सुधार, पशुनश्ल सुधार तथा गाई ब्लक कार्यक्रमहरु सञ्चालन गरेको, वैदेशिक रोजगारबाट फर्केका तथा अन्य युवाहरुको पशुपालन व्यवसायमा लगानी, उन्नत तथा वर्णशंकर गाई भैंसीको पालनमा वृद्धि, दुग्ध संकलन तथा चिस्यान केन्द्रहरुको सञ्चालन, पशुहरुको नश्ल सुधारका लागि कृतिम गर्भाधारण प्रविधिको प्रयोग, महामारी रोगहरुको नियन्त्रण, पशुपालन क्षेत्रमा बीमा योजनाहरुको व्यवस्था र सहुलियतपूर्ण कर्जाले गर्दा दूधको उत्पादनमा २ प्रतिशतले वृद्धि हुने देखिन्छ ।

यस प्रदेशमा मुख्यमन्त्री एकिकृत कृषि तथा पशुपंक्षी विकास कार्यक्रम र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत बाख्रा ब्लक कार्यक्रमको सञ्चालन भएको, प्रदेश सरकारद्धारा घुम्ती भेडा प्रवर्द्धन कार्यक्रम सञ्चालन, कुखुरा, बाख्रा र बंगुर प्रवर्द्धन जस्ता कार्यक्रमहरुको सञ्चालन, बाख्रा पकेट क्षेत्रमा वृद्धि, उन्नत तथा वर्णशंकर जातका व्यवसायिक पशुपालनमा वृद्धि, पशुपालनमा आधुनिक प्रविधि तथा पद्धतिको प्रयोग, महामारी रोग नियन्त्रण, पशुपालन क्षेत्रमा बीमा योजना र सहुलियतपूर्ण कर्जाको व्यवस्था, व्यावसायिक कुखुरापालनमा विस्तार, व्यवसायिक माछापालनमा वृद्धि, मिनी

ह्याचरीको स्थापनाले मासु, अण्डा, माछा, मह र ऊनको उत्पादनमा क्रमशः ४ प्रतिशत, २ प्रतिशत, १.५ प्रतिशत र ५ प्रतिशत र ३ प्रतिशत वृद्धि हुने अनुमान भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका विज्ञहरुले गरेका छन् ।

वनजन्य उत्पादन - प्रदेश वन ऐन, २०७६ बमोजिम वनक्षेत्रमा रहेका सुख्खाखडा र ढलापडा रुखहरु ३ वर्षभित्र निकाल्ने प्रावधानको कार्यान्वयन, समयमा संकलन इजाजत प्रदान र सामुदायिक वन तथा निजी आवादी जग्गामा वृक्षारोपणलाई प्रोत्साहन गरिएको हुँदा काठ २० प्रतिशत र दाउरा उत्पादन १० प्रतिशतले वृद्धि हुने अनुमान डिभिजन वन कार्यालयले गरेका छन् । साथै, कञ्चनपुर जिल्लाको पञ्चवर्षीय वन व्यवस्थापन कार्ययोजनामा जडीबुटी संकलन सम्बन्धी प्रावधान राखी जडीबुटी संकलनको दिगो व्यवस्थापन गर्ने कार्यक्रमको सञ्चालन, जडीबुटी संकलनका लागि समयमै इजाजत प्रदान, सामुदायिक वन, राष्ट्रिय वन र निजी आवादी जग्गामा अनुदान मार्फत जडीबुटी खेतीको विस्तार, डिभिजन वन कार्यालयहरुबाट जडीबुटीका बिरुवा उत्पादन तथा वितरण र जडीबुटीहरुको प्रशोधनमा आर्थिक तथा प्राविधिक सहयोगले जडीबुटी उत्पादनमा २५ प्रतिशतले वृद्धि हुने देखिन्छ ।

## ७.२ औद्योगिक उत्पादन

ईटा उत्पादनका लागि आवश्यक कच्चा पदार्थ (कोइला) समयमा आयत भएमा करिब १० प्रतिशतले ईटा उत्पादनमा वृद्धि हुने र मैदा मिललाई आवश्यक पर्ने कच्चापदार्थ (गहुँ) ५० प्रतिशत भारतबाट आयात गर्नुपर्ने भएको हुँदा कच्चापदार्थको अभावमा मैदा मिल सञ्चालन गर्न असहज हुने अनुमान व्यवसायीले गरेका छन् ।

कोभिड-१९ का कारण संकटमा परेका उद्योगहरु सरकारले कोभिड विरुद्धको खोप सञ्चालन भएकोले कोभिड नियन्त्रणमा आई औद्योगिक उत्पादन सुचारु हुने भएकोले  औद्योगिक उत्पादन बढ्न सक्ने देखिन्छ ।

## ७.३ सेवा क्षेत्र

हाल कोभिड महामारीको असर कम भएको, भन्सार नाकाहरु खुल्दा भारतीय पर्यटकहरुको आगमन हुने र यातायात कार्यालय, डडेल्धुरा तथा यातायात कार्यालय, डोटीबाट ड्राइभिङ्ग लाइसेन्स प्रदान गरिने भएकोले सो स्थानहरुमा ड्राइभिङ्ग तालिम सेन्टरको स्थापना एवं लोकसेवा आयोगको परीक्षाहरु सञ्चालन हुँदा स्वदेशी पर्यटकहरुको आगमनमा वृद्धि हुने अनुमान होटल व्यवसायीहरुले गरेका छन् ।

सेती प्रादेशिक अस्पताललाई २०० शैयाको अस्पतालमा स्तरोन्नती गर्ने निर्णय र प्रत्येक स्थानीय तहहरुमा कम्तिमा १५ बेडको अस्पताल स्थापना गर्ने सरकारको नीति रहेकोले अस्पताल/स्वास्थ्य केन्द्रको संख्या एवं चिकित्सकको संख्या ५ प्रतिशतले वृद्धि भई स्थानीय स्तरमा स्वास्थ्य सेवा प्रवाहमा सुधार हुने देखिन्छ ।

कोभिड महामारीको असर कम भएको कारण सेवा क्षेत्र चलायमान हुने सम्भावना देखिन्छ । बाह्य पर्यटकहरुको आगमन तुरुन्तै सहज नभएपनि आन्तरिक पर्यटकहरुका कारण होटल व्यवसायहरु पूर्ण क्षमतामा सञ्चालन हुने सम्भावना समेत देखिन्छ ।

## ७.४ पूर्वाधार क्षेत्र

स्थानीय, प्रदेश तथा संघिय सरकारबाट यस प्रदेशका विभिन्न जिल्लाहरुमा सडक विस्तार तथा स्तरोन्नतीको कार्य भईरहेको, लघु जलविद्युत आयोजना निर्माण र सञ्चालन हुने क्रममा रहेको, विद्युत पहुँच विस्तार नभएका क्षेत्रहरुमा ११ के.भी. को केन्द्रीय विद्युत प्रसारण लाईन निर्माण भैरहेको र प्रदेश गौरवका सडक आयोजनाहरुको निर्माण जस्ता भौतिक पूर्वाधार सम्बन्धी आयोजनाहरुको निर्माण कार्य द्रुत गतिमा भैरहेकाले स्थानीय स्तरमा रोजगारी सिर्जना भई आर्थिक क्रियाकलापहरुमा वृद्धि हुने अपेक्षा गर्न सकिन्छ ।

कैलालीको गेटा विमानस्थलको स्तरोन्नती, राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको रानी जमरा कुलरिया आयोजना करिब ५२.१ प्रतिशत भौतिक प्रगति, धनगढीको मोहना पुलदेखि अत्तरिया चोकसम्मको ६ लेन सडक आयोजना निर्माणको अन्तिम चरणमा रहेको, गेटा मेडिकल कलेज लगायतका पूर्वाधारहरु निर्माणको अन्तिम चरणमा रहेको कञ्चनपुरको भुजेलामा बन्दै गरेको सुख्खा बन्दरगाह तथा महाकाली नदीमा निर्माणाधीन ४ लेनको ८०० मिटर लम्बाई भएको पक्की पुलको निर्माण पश्चात भारतसँगको व्यापार अझ सहज हुने तथा दोधारा-चाँदनी क्षेत्रका नागरिकहरुलाई आफ्नै भूमि

प्रयोग गरेर आवतजावत गर्न सजिलो हुनुका साथै उक्त क्षेत्रमा प्रचुर सम्भावना रहेको तरकारी लगायतका अन्य स्थानीय उत्पादनलाई बजारीकरण गर्न समेत सहयोग पुग्ने देखिन्छ। यसले आन्तरिक पर्यटन सिँचाई, स्वास्थ्य पूर्वाधार लगायतमा उल्लेख्य सुधार भई यस क्षेत्रको आर्थिक गतिविधिमा सहयोग पुग्ने देखिन्छ।

नेपाल राष्ट्र बैंकको रियलस्टेट क्षेत्रमा कर्जा लगानी नियन्त्रण सम्बन्धी व्यवस्था, बैंकहरुमा लगानी योग्य रकमको अभाव र भू-उपयोग नियमावलीको कार्यान्वयनले घरजग्गाको कारोबारमा ह्रास हुने देखिन्छ।

सामरिक महत्व जोडिएका सडकहरु महाकाली कोरिडोर (कञ्चनपुर को बह्मदेवदेखि दार्चुला जिल्लाको तिंकर भंज्याङ्गसम्म कुल ४२५ किमी) सडकको ट्र्याक खोल्ने काम भैरहेको तथा पूर्वपश्चिम जोड्ने पुष्पलाल मध्यपहाडी लोकमार्गको विस्तार तथा प्रदेशमा रहेका राजमार्गहरुको विस्तार र स्तरोन्नतीको कार्य निरन्तर जारी रहेकोले उक्त मुख्य सडकहरुसँग जोडिने ग्रामीण सडक तथा पहुँचमार्गको निर्माण तीब्र रुपमा बढ्ने देखिन्छ।

# अनुसूचीहरु

## अनुसूची १. बाखा आनुवंशिक फार्म, बुढीतोला कैलाली ।

➢ **बाखाका जातहरु (संख्या)**

| क.सं. | बाखाको स्टक विवरण (संख्या) | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|
| १ | खरि (स्थानीय जात) | २७५ | ३२७ | २५६ | १८.९१ | -२१.७१ |
| २ | बोयर शुद्ध जात | ६५ | ६३ | ६९ | -३.०८ | ९.५२ |
| ३ | बोयर खरि क्रस | ६५ | ६४ | ४५ | -१.५४ | -२९.६९ |
| **जम्मा** | | **४०५** | **४५४** | **३७०** | **१२.१०** | **-१८.५०** |

➢ **पाठापाठी उत्पादन (संख्या)**

| क.सं. | उत्पादन विवरण (संख्या) | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|
| १ | खरि (स्थानीय जात) | १०७ | १८६ | १९० | ७३.८३ | २.१५ |
| २ | बोयर शुद्ध जात | २२ | ३६ | ३९ | ६३.६४ | ८.३३ |
| ३ | बोयर खरि क्रस | ३८ | २४ | ३९ | -३६.८४ | ६२.५० |
| **जम्मा** | | **१६७** | **२४६** | **२६८** | **४७.३१** | **८.९४** |

➢ **बजारीकरण (संख्या)**

| क.सं. | उत्पादन विवरण (संख्या) | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|
| १ | खरि (स्थानीय जात) | ७४ | १३७ | २०९ | ८५.१४ | ५२.५५ |
| २ | बोयर शुद्ध जात | ७ | ८ | २३ | १४.२९ | १८७.५० |
| ३ | बोयर खरि क्रस | १ | २० | ४६ | १९००.०० | १३०.०० |
| **जम्मा** | | **८२** | **१६५** | **२७८** | **१०१.२२** | **६८.४८** |

➢ **राजश्व संकलन (रु.)**

| क.सं. | विवरण | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|
| १ | कृषिजन्य उत्पादन बिक्री तथा अन्य | १,२७७,२५४.०० | १,५३८,४५७.०० | २,१७७,००५.०० | २०.४५ | ४१.५१ |

## अनुसूची २. अध्ययन क्षेत्रमा नमूनाको रुपमा छनौट गरिएका १० वटा नर्सरीहरुको विवरण

| क.सं. | नर्सरीको नाम | ठेगाना |
|---|---|---|
| १ | अनिरुद्र नर्सरी | दोगडाकेदार-४, बैतडी |
| २ | कृष्ण निजी नर्सरी | दशरथ न.पा.-१, बैतडी |
| ३ | केदार बलैराज नर्सरी | सुर्नया-२, बैतडी |
| ४ | बिष्ट नर्सरी उद्योग | व्यास-६, दार्चुला |
| ५ | गायत्री नर्सरी | धनगढी नगरपालिका, गेटा |
| ६ | वेलकम नर्सरी | धनगढी नगरपालिका, सेतोपुल |
| ७ | खुश्बु नर्सरी | गोदावरी नगरपालिका, अत्तरिया |
| ८ | सहयोगी कृषि सहकारी संस्था लि. | मंगलसेन, अछाम |
| ९ | रोडसाइड नर्सरी | पुनरवास-१०, कञ्चनपुर |
| १० | पुष्पलता पोल्ट्री, बंगुर पालन तथा कृषि नर्सरी | अमरगढी १, डडेलधुरा |
| ११ | सुख्खा फलफूल विकास केन्द्र | सतबाँझ बैतडी |

**अनुसूची ३. अपि नाम्पा संरक्षण क्षेत्र**

पर्यटक विवरण : स्थापनाकालदेखि हालसम्ममा यस संरक्षण क्षेत्रमा भ्रमण गर्ने स्वदेशी तथा विदेशी पर्यटकहरुको संख्या १५७ रहेको छ । विगत ६ आर्थिक वर्षमा भ्रमण गर्ने पर्यटकहरुको संख्यात्मक विवरण देहायबमोजिम रहेको छ ।

| आर्थिक वर्ष | ईकाई | नेपाली | सार्क मुलुक | विदेशी | कुल जम्मा |
|---|---|---|---|---|---|
| २०७३/७४ | जना | २५ | | | २५ |
| २०७४/७५ | जना | २७ | | | २७ |
| २०७५/७६ | जना | १० | | २८ | ३८ |
| २०७६/७७ | जना | १५ | | ७ | २२ |
| २०७७/७८ | जना | ३ | | ३ | ६ |
| २०७८/७९ | जना | २३ | | १६ | ३९ |
| **जना** | | **१०३** | | **५४** | **१५७** |

***नोटः** नेपाली पर्यटक अन्तर्गत १३ जना भरिया समेत समावेश भएका ।*

राजश्व विवरण : अपि नाम्पा संरक्षण क्षेत्र स्थापना भएको आर्थिक वर्ष २०६७/६८ मा रु. ५,६१,९८० राजश्व प्राप्त भएको थियो भने आर्थिक वर्ष २०७८/७९ मा आईपुग्दा राजश्व रकम रु. २,५०,०४,३५० पुगेको छ । राजश्व शीर्षक अर्न्तगत प्रशासनिक सेवा शुल्क, प्रशासनिक दण्ड जरिवाना, बेरुजु, पदयात्रा, वन क्षेत्रको रोयल्टी (जडिबुटी निकासी), यार्शागुम्बा संकलन कार्ड वितरण रहेका छन । आर्थिक वर्ष २०७८/७९ मा विभिन्न किसीमका १७ वटा जडिबुटीहरुको निकासी वापत रु. २,२२,४७,७९० रकम संकलन भएको छ । विगत ६ आर्थिक वर्षको राजश्व संकलन विवरण देहायबमोजिम रहेको छ ।

| आर्थिक वर्ष | राजश्व रकम रु. |
|---|---|
| २०७३/७४ | २,०३,८९,५९१ |
| २०७४/७५ | २,४४,१४,०९७ |
| २०७५/७६ | १,३७,७३,२७७ |
| २०७६/७७ | १,०७,०४,६१५ |
| २०७७/७८ | १,०४,५२,४३८ |
| २०७८/७९ | २,५०,०४,३५० |